'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : २१० ★ ने. सं. ११४६ गुँला थ्व, नवमी ★ शुक्रबार ★ ५ भदौ, २०८३ ★ August 21, 2026, Friday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८


# भक्तपुरमा नगरपालिका र जनता मिलेर सम्पदा संरक्षणमा पुऱ्याइरहेको योगदान उदाहरणीय




भक्तपुर, ४ भदौ । भक्तपुर नगरपालिकाको बजेट तथा स्थानीय जनताको आर्थिक सहयोगमा पुनर्निर्माण सम्पन्न भएको भक्तपुर नपा वडा नं. २ खौमास्थित इन्द्रायणी द्योछैं (इल्मा अजिमा) को उद्घाटन बिहीबार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैं (रोहित) ले गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छैंले जनताको व्यापक सहभागिता र सहयोगमा सम्पदा पुनर्निर्माण सम्पन्न हुनु सबैका लागि उत्साह र ऊर्जा प्राप्त भएको बताउँदै सम्पदा संरक्षणमा पुऱ्याइएको योगदान उदाहरणीय भएको बताउनुभयो ।

उहाँले पुरानो सम्पदा आफैंले संरक्षण र पुन:निर्माण गर्न सक्ने उदाहरण भक्तपुरले प्रस्तुत गरेको उल्लेख गर्दै विदेशी सहयोगबिना पनि जनताको सहभागितामा सम्पदा संरक्षण गर्न सकिन्छ भन्ने सन्देश प्रवाह भएको बताउनुभयो ।

अध्यक्ष बिजुक्छैंले यस प्रकारका कार्यको प्रचारप्रसारसँगै दस्ताबेजीकरण गर्नुपर्नेमा जोड दिँदै जनप्रतिनिधि र जनता दुवै सम्पदा संरक्षणमा सचेत हुनुपर्ने र सम्पदा पुनर्निर्माणमा हेलचेक्र्याइँ गर्न नहुने धारणा राख्नुभयो ।

अध्यक्ष बिजुक्छैंले युनेस्कोका नियमहरू विभिन्न देशका अनुभव र जानकारीका आधारमा बन्ने उल्लेख गर्दै पुनर्निर्माण कार्यमा स्थानीय मौलिकता र प्राचीन प्रविधिलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "झूटो इतिहास रचेर अपराध गर्नु हुँदैन ।"

कार्यक्रमका सभापति तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सम्पदाको सहर तथा विश्व सम्पदा सूचीमा सूचिकृत भक्तपुरमा रहेको इन्द्रायणी द्योछैंको पुनर्निर्माणमा धेरै व्यक्ति तथा सङ्घ संस्थाको सहयोग रहेको बताउँदै उपभोक्ता समिति, अनुगमन समिति, द्योछैं पुन: निर्माणमा आर्थिक स्वर्णलगायतका सामग्री सहयोग र श्रमदानमा सहभागी सबै सहयोगीप्रति धन्यवादज्ञापन गर्नुभयो ।

भक्तपुर नगरपालिकाले हालसम्म करिब १८५ वटा सम्पदा पुनर्निर्माण तथा संरक्षणका कार्य सम्पन्न गरिसकेको उल्लेख गर्दै उहाँले मूर्त र अमूर्त दुवै सम्पदालाई प्राथमिकताका साथ संरक्षण गर्दै आएको बताउनुभयो ।


*बाँकी पृष्ठ २ मा*


# भक्तपुर काण्ड – राज्यस्तरको षड्यन्त्र




भक्तपुर, ४ भदौ । नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्न पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र भक्तपुर काण्ड (भदौ ९) को विरोध तथा भर्त्सना कार्यक्रम बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका सदस्य तथा नेपाल क्रान्तिकारी किसान सङ्घ केन्द्रीय समितिका उपाध्यक्ष गोविन्द दुवालले पार्टीले मोहियानी हक आन्दोलन, बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलनलगायत विभिन्न पक्षमा सङ्घर्ष गरेको कारण जनताको जीवनस्तरमा सुधार आएको बताउनुभयो ।

उहाँले ठुला पार्टी भनाउँदाहरू, सामन्ती र शोषक प्रवृत्ति भएका व्यक्तिहरू सरकारको ओहदामा हाली मुहाली


*बाँकी पृष्ठ ८ मा*


# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- नेकाका प्रम शेरबहादुर देउपाका स्वकीय सचिव भानु देउपा, एमालेका प्रम केपी ओलीका स्वकीय सचिव राजेश बज्राचार्य र तत्कालीन माओवादीका स्वकीय सचिव गङ्गा दाहालसँग स्रोत नखुलेको सम्पत्ति हुन सक्ने आशङ्कामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानबिन सुरू गर्न लागेको सार्वजनिक भयो । यसलाई भन्न मिल्छ- 'गर्जने बादल वर्सदैन ।' अख्तियारले शङ्कास्पद व्यक्ति र कम्पनीमाथि छानबिन गरी सत्यतथ्य पत्ता लगाई कऱ्याकझ्याप पार्ने हो, अब छानबिन सुरू हुने भनी बाजा बजाउने होइन । अख्तियारले सबै प्रम, मन्त्री र उच्चपदस्थका स्वकीय सचिवहरूको सम्पत्ति छानबिन गर्नुपर्ने होइन र ?
- नेपालको चारदिने भ्रमणको सिलसिलामा पोखरा पुगेका भारतीय स्थल सेनाध्यक्ष धीरज सेठसँग अल नेपाल भारतीय पूर्वसैनिक कल्याणकारी सङ्घका केन्द्रीय उपाध्यक्ष गजबहादुर थापाले सन् २०२० यता कोभिड-१९ महामारीको कारण रोकिएको गोर्खा भर्ती पुन: सञ्चालन गर्न माग गरे । सन् १८१५ देखि बेलायती भारतले नेपाली युवालाई गोर्खा भर्तीको नाममा पहिलो र दोस्रो विश्वयुद्धमा लडाएको र मराएको थियो । त्यसयता नेपालका सरकारहरूले नेपालीलाई स्वदेशमा रोजगारी नदिएको र गोर्खा भर्तीमा नेपालीहरू पठाउँदै आएको हो । तर, देशभक्त नेपालीले गोर्खा भर्ती खारेज गर्नुपर्ने र देशभित्र रोजगारी बन्दोबस्त हुनुपर्ने विषय जोडदारका साथ उठाउँदै आएका छन् । यसतर्फ पैंतीस वर्षयताका सरकारहरूले ध्यान दिएनन् ।
- वाग्मती प्रदेश सरकार गठनमा संलग्न राप्रपा विवादमा पऱ्यो । राप्रपाको प्रदेश प्रमुख सचेतक उद्धव थापाको समर्थनमा एमालेका प्रदेश सांसद किरण थापालाई मुख्यमन्त्री पदको तत्कालीन नेकपा एस माधव नेपालका प्रदेश प्रमुखले सपथग्रहण गराएपछि राप्रपाले आफ्ना ती प्रदेश सांसदहरूको पद खारेज गराउने कारबाही उठाउने चेतावनी दियो । अब के होला वाग्मती प्रदेश सरकार र राप्रपाको अवस्था ?


## संगम बचत तथा ऋण सहकारी संस्था लि.

ख:लाँ, भ.न.पा.-४, भक्तपुर, फोन नं.: ०१-६६१४३२३

## १९ औं वार्षिक साधारणसभामा उपस्थित हुनेसम्बन्धी सूचना

यस संस्थाका सञ्चालक समितिको बैठकको निर्णयअनुसार संस्थाको १९ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका विषयहरू**

- आ.व. २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन ।
- आ.व. २०८२/८३ को आयव्यय तथा आ.व. २०८३/८४ को बजेट ।
- आ.व. २०८२/८३ को लेखा समितिको प्रतिवेदन ।
- आ.व. २०८२/८३ को लेखापरीक्षकको प्रतिवेदन र आ.व. २०८३/८४ को लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने ।
- सञ्चालक समितिबाट विभिन्न मितिमा भएका निर्णयहरू अनुमोदन ।
- सञ्चालक समिति र लेखा समितिको निर्वाचन ।
- विविध

**१९ औं वार्षिक साधारणसभा कार्यक्रम**

**मिति** : २०८३ असोज १० गते, शनिबार
**स्थान** : महेश्वरी बैङ्क्वेट, भक्तपुर
**उपस्थित हुने समय** : बिहान १०:०० बजे
**उद्घाटन समय** : बिहान १०:३० बजे

**नोट**:

- अघिल्लो साधारणसभाहरूमा सम्मान गरिसकेका ज्येष्ठ सदस्यहरूबाहेक २०८३ असार मसान्तसम्म सदस्य भई ७० वर्ष नाघेका ज्येष्ठ सदस्यहरूलाई सम्मान गर्ने कार्यक्रम भएकोले उहाँहरू अनिवार्य उपस्थित हुनुहोला ।
- साधारणसभाको सुविधाको लागि परिचयपत्र वा नियमित बचतको पासबुकका साथ सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ ।
- आर्थिक वर्ष २०८२/८३ को कारोबारबाट सदस्यहरूलाई शेयर पुँजीको ८.५ प्रतिशतमा कर कट्टा गरी लाभांश प्रदान गरिनेछ ।
- उपस्थित सदस्यहरूलाई पारवहन खर्च प्रतिसदस्य रू. ५००।- प्रदान गरिनेछ ।
- संस्थाले सञ्चालन गरेका विभिन्न शीर्षकको बचत तथा ऋणहरूमा उत्कृष्ट सदस्यहरूलाई विशेष उपहार प्रदान गरिनेछ ।
- मिति २०८३ भदौ १० गतेदेखि असोज १० गतेसम्म नयाँ सदस्यता वितरण स्थगित गरिएको छ ।
- बाल, खुत्रुके तथा दैनिक बचतकर्ताहरूलाई पारवहन खर्च रू. ३००।- प्रदान गरिने हुनाले पासबुक लिई अभिभावकका साथमा उपस्थित हुनुहोला ।
- भाखा नाघेका ऋणी, तीन महिनाभन्दा बढी समयसम्म ब्याज बुझाउन बाँकी र तीन महिनाभन्दा बढी समयसम्म नियमित बचत बुझाउन बाँकी सदस्यहरूलाई साधारणसभाको सुविधा प्रदान नगरिने हुनाले यथासक्य चाँडो संस्थामा सम्पर्क गर्न सूचित गरिन्छ ।
- उपस्थिति खर्च दिनको २ बजेसम्म मात्र प्रदान गरिनेछ ।














***भक्तपुरमा...***

भक्तपुर जीवित सांस्कृतिक सङ्ग्रहालय तथा नाचगानको राजधानीका रूपमा चिनिँदै आएको बताउँदै उहाँले संस्कृति र सम्पदालाई नयाँ पुस्तामा पुस्तान्तरण र हस्तान्तरण गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले सम्पदा पुन:निर्माण सम्पन्न कार्यको समीक्षा र सिंहावलोकन पनि महत्त्वपूर्ण पाटो भएको बताउँदै भक्तपुर नगरपालिकाले विश्वले हेर्नलायक काम गरिरहेको बताउनुभयो ।

संसारका विभिन्न स्थानमा पुराना सम्पदा हटाउने र नष्ट गर्ने कार्य भइरहेको उल्लेख गर्दै उहाँले त्यसविरुद्ध त्यहाँका जनता नै प्रतिकारमा उत्रिरहेका उदाहरणहरू प्रस्तुत गर्नुभयो ।

सभ्यता बचाउने र नष्ट गर्नेबिच सङ्घर्ष भइरहेको अवस्थामा भक्तपुरले आफ्नो इतिहास, संस्कृति र सभ्यतालाई सम्पत्तिका रूपमा ग्रहण गरी संरक्षण गर्दै आएको उहाँले स्पष्ट पार्नुभयो ।

सांसद गोसाईले विदेशी सहयोगबिना पनि सम्पदा पुनर्निर्माण सम्पन्न गर्न सकिन्छ भन्ने उदाहरण भक्तपुरले प्रस्तुत गरेको बताउँदै आफ्नै खुट्टामा उभिएर गरिएको विकास दिगो र स्वाभिमानी हुने धारणा राख्नुभयो ।

भक्तपुरको विकास मोडलबारे एक दिन इतिहास लेखिने र यसले नेपाली सभ्यता र पहिचानलाई अझ उँचो बनाउने बताउँदै उहाँले जनताको सहभागितामा सार्वजनिक सम्पत्तिको संरक्षण भइरहेको हुँदा सम्पदा, संस्कृति र इतिहास जोगाउने अभियानलाई निरन्तरता दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुरमा संस्कृति र संस्कार जीवित रहेको बताउँदै सांस्कृतिक धरोहर भक्तपुरलाई जीवन्तता दिने काम गरिरहेको उल्लेख गर्नुभयो । उहाँले भक्तपुर नगरको स्वरूप नै यसको पहिचान र विशेषता भएको बताउँदै द्योछेँ निर्माणमा मौलिक प्रविधि प्रयोग भएको बताउनुभयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत संस्कृति महाशाखाका प्रमुख सौभाग्य प्रधानाङ्गले भक्तपुरको उत्कृष्ट गहनाका रूपमा रहेको इन्द्रायणी द्योछेँको पुनर्निर्माण सम्पन्न हुनु सुखद कार्य भएको बताउँदै सम्पदा पुनर्निर्माणले भौतिक सम्पदा पुनर्जीवित हुनुका साथै मौलिकता र प्रामाणिकता जोगिएको तथा शिल्पकला पनि पुनर्जीवित भएको बताउनुभयो ।

भक्तपुरमा उपभोक्ता समितिमार्फत सम्पदा पुनर्निर्माण गर्ने मोडल प्रभावकारी रहेको उल्लेख गर्दै उहाँले पुरानो प्रविधि र परम्परागत प्रविधिको प्रयोगलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले उपभोक्ता समितिमार्फत गरिएका काम उदाहरणीय रहेको उल्लेख गर्दै स्थानीय सरकारसँग सहकार्य गर्दै नागरिकलाई सहज सेवा प्रवाह र सुशासन कायम गर्न प्रशासन प्रतिबद्ध रहेको बताउनुभयो ।

इन्द्रायणी द्योछेँ पुनर्निर्माण उपभोक्ता समितिका अध्यक्ष विनोदचरण रायले द्योछेँ पुनर्निर्माणसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै आर्थिक सहयोग तथा विभिन्न व्यक्तिबाट प्राप्त स्वर्णलगायत सहयोगबारे जानकारी गराउनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले उपभोक्ता समितिमार्फत स्थानीय जनताको सक्रिय सहभागितामा गुणस्तरीय सामग्री प्रयोग गरी द्योछेँको पुनर्निर्माण सम्पन्न भएको बताउनुभयो । स्थानीयवासीले नि:स्वार्थ रूपमा मन्दिर तथा सम्पदा संरक्षणमा सहयोग पुऱ्याएको उहाँले उल्लेख गर्नुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले धन्यवादज्ञापन गर्नुभएको थियो भने भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

उद्घाटन कार्यक्रममा बाल विकास इङलिश सेकेन्डरी स्कूलका विद्यार्थीहरूले 'फूल सुन्दर हुन्छ' गीत प्रस्तुत गरेका थिए ।

इन्द्रायणी द्योछेँको उद्घाटन कार्यक्रम सुरु हुनुअघि भक्तपुर नगरपालिका-१, सिद्धपोखरीबाट नगर प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा परम्परागत बाजागाजासहित जनप्रतिनिधि, कर्मचारी, स्थानीय बासिन्दा, भक्तजन तथा विभिन्न सांस्कृतिक समूहको सहभागितामा ऱ्याली भएको थियो । ऱ्यालीअघि भनपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोरा र भनपा वडा नं. २ का वडा सदस्य श्यामसुन्दर मातांले पनि बोल्नुभएको थियो । ऱ्याली खौमास्थित इन्द्रायणी द्योछेँ पुगेपछि उद्घाटन कार्यक्रम सुरु भएको थियो ।

इन्द्रायणी द्योछेँ पुनर्निर्माणको लागि हालसम्म ३ करोड ५६ लाख ९७ हजार ४६७ रूपैयाँ ४६ पैसा खर्च भएको छ । द्योछेँ पुनर्निर्माणको लागि विभिन्न व्यक्ति तथा संस्थाबाट ४५ लाख ९४ हजार १३३ रूपैयाँ ७८ पैसा चन्दा प्राप्त भएको उपभोक्ता समितिले जनाएको छ । भनपाबाट २ करोड ७६ लाख ३ हजार ३ सय ३३ रूपैयाँ ६८ पैसा प्राप्त भएको बताइएको छ ।

द्योछेँ पुन: निर्माणको लागि सुनको लागि १८ लाख, पित्तलको पाता, झन्डा, झल्लर आदिको लागि रु. १७ लाख सहयोग प्राप्त भएको थियो । त्यस्तै, द्योछेँको मर्मत सम्भार गर्न अक्षय कोष स्थापना गर्न हालसम्म रु. २० लाख सहयोग उठिसकेको उपभोक्ता समितिले जनाएको छ ।

उपभोक्ता समितिका अध्यक्ष विनोदचरण रायका अनुसार प्रत्येक वर्षको चैत २० गते बुसारां हुनेछ र सोही समयमा आवश्यक भए मर्मत सम्भार गरिनेछ । स्मरणीय छ, उक्त द्योछेँको शिलान्यास २०७६ जेठ २९ गते भएको थियो ।

हालसम्म विभिन्न व्यक्तित्व तथा सहयोगदाताबाट सहयोग प्राप्त हुने क्रम जारी रहेको बताइएको छ । आज शुक्रबार दिउँसो २ बजेदेखि सहयोगी सबैलाई प्रसाद ग्रहण गर्ने कार्यक्रम रहेको छ ।

# कालीघाट पुस्तकालयमा नेपाल पुस्तकालय सङ्घका पूर्वअध्यक्षको अवलोकन

भक्तपुर, ४ भदौ । भक्तपुर कासन ब्यासीमा अवस्थित कालीघाट पुस्तकालयको नेपाल पुस्तकालय सङ्घका पूर्वअध्यक्ष आई.पी. अधिकारीले अवलोकन गर्नुभएको छ ।

अवलोकनको क्रममा पूर्वअध्यक्ष अधिकारीले पुस्तकालयलाई पाठकहरू 'पढौँ-पढौँ र बसौँ-बसौँ लाग्ने' वातावरण बनाउन सकेमा पुस्तकालयमा आउने पाठकहरूको सङ्ख्या वृद्धि हुने बताउनुभयो ।

उहाँले पुस्तकालयमा नियमित रूपमा अन्तरक्रिया, गोष्ठी तथा छलफल कार्यक्रम सञ्चालन गरी विचार आदान-प्रदान गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो । आगामी भदौ १५ गते मनाइने पुस्तकालय दिवसमा सक्रिय रूपमा सहभागी हुन उहाँले सबैलाई अनुरोध गर्नुभयो ।

कालीघाट पुस्तकालयका अध्यक्ष राजकुमार लघुले पुस्तकालयको गतिविधिबारे जानकारी दिँदै स्थानीयवासीहरूले विभिन्न विषयका पुस्तकहरू उपलब्ध गराई पुस्तकालयको विकासमा सहयोग गर्दै आएको बताउनुभयो । उहाँका अनुसार पुस्तकालय हाल बिहान र दिउँसो नियमित रूपमा सञ्चालन भइरहेको छ । पुस्तकालयको दीगो विकासका लागि अक्षयकोष स्थापना भइसकेको जानकारी उहाँले दिनुभयो ।

अध्यक्ष लघुले पूर्वअध्यक्ष आई.पी. अधिकारीप्रति आभार व्यक्त गर्दै उहाँलाई खादा ओढाएर सम्मान गर्नुभयो ।

कार्यक्रममा कृष्ण महत्तोले कालीघाट पुस्तकालयका गतिविधि तथा अवस्थाबारे जानकारी गराउनुभएको थियो ।

# काभ्रेमा एलपीजी ग्यास सहज गर्न नेक्रायुसङ्घको ज्ञापन



काभ्रे, ४ भदौ । एलपी ग्यासको सहज आपूर्ति, कालोबजारी तथा बढ्दो महँगी नियन्त्रण सम्बन्धमा नेपाल क्रान्तिकारी युवा सङ्घ काभ्रे र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ काभ्रेले जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकका प्रजिअ गोपालकुमार अधिकारीलाई नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र पेस गरेको छ ।

विगत एक महिनादेखि खाना पकाउने एलपी ग्यासको चरम अभावका कारण आम नागरिकले दु:ख पाइरहेका छन् । खाना पकाउने ग्यासजस्तो अत्यावश्यक वस्तुको नियमित र सहज आपूर्ति हुन नसक्दा सर्वसाधारणको दैनिक जीवन प्रत्यक्ष रूपमा प्रभावित भएको छ । अत्यावश्यक वस्तुमा कृत्रिम अभाव सिर्जना गर्ने, कालाबजारी गर्ने तथा अस्वाभाविक मूल्य असुल्ने प्रवृत्तिले आम नागरिकको जीवन कष्टकर बनाएको छ । यस्तो अवस्थामा सम्बन्धित सरकारी निकायबाट प्रभावकारी अनुगमन, नियमन र आपूर्ति व्यवस्थापन हुन आवश्यक छ । जनताको चुलो बल्ने अवस्थाको सुनिश्चितता गर्नु राज्यको दायित्व हो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ काभ्रे जिल्ला समिति र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ काभ्रे जिल्ला समिति सरकारलाई जनताप्रति जिम्मेवार बन्न तथा आम नागरिकको चाहना, भावना र आवश्यकतालाई गम्भीरतापूर्वक सम्बोधन गर्न सचेत गराउँदै ६ बुँदे माग नेपाल क्रान्तिकारी युवा सङ्घ काभ्रेका अध्यक्ष ओमप्रसाद मानन्धरले जिल्ला प्रशासन कार्यालय काभ्रेका प्रजिअ गोपालकुमार अधिकारीसमक्ष पेश गर्नुभएको हो । उक्त कार्यक्रममा नेमकिपा धुलिखेलका पुण्यशोभा श्रेष्ठ, पनौतीका बालकृष्ण दुवाल, नेक्रायुसङ्घ काभ्रेका ज्ञानेन्द्र डंगोल, नेक्राविसङ्घ काभ्रेका अध्यक्ष राजु तामाङको उपस्थिति थियो ।

# देउजागाउँ आ.वि. मा शैक्षिक सामग्री वितरण

भक्तपुर, ४ भदौ । सूर्यविनायक नगरपालिका वडा नं. १० देउजा गाउँस्थित देउजागाउँ आधारभूत विद्यालयमा समाजसेवी रमेश सुवालले विद्यार्थी भाइबहिनीलाई शैक्षिक सामग्री वितरण गर्नुभयो । अर्का समाजसेवी पुण्यराम दुमरुले कक्षा व्यवस्थापन सामग्री वितरण गर्नुभयो ।

उक्त कार्यक्रमका सभाध्यक्ष एवं सूनपा १० का वडा अध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिवराम राउतले यस्ता कार्यक्रमबाट विपन्न भाइबहिनीलाई सहयोग पुग्ने बताउनुभयो ।

निवर्तमान अध्यक्ष सूर्यभक्त त्वातीले शिक्षाको गुणस्तर वृद्धिको लागि शैक्षिक सुधारका लागि समाजसेवी, बुद्धिजीवी, टोल समाज र विद्यालय परिवार सम्पूर्ण लागिपर्नुपर्ने व्यक्त गर्नुभयो ।

विद्यालयका प्रधानाध्यापक र ाजकुमार श्रेष्ठले विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धिका लागि विज्ञान प्रविधिको पहुँचलाई अझ जोड दिनुपर्ने र आवश्यक सामग्री व्यवस्थापन गर्नुपर्ने बताउनुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राउतले समाजसेवी, सहयोगीहरूलाई सम्मान स्वरुप कदरपत्र वितरण गरी कार्यक्रम समापन गर्नुभयो ।

# भारतीय सागसब्जीमा कडाइ, बाँकेका किसानका उत्पादनले पायो बजार

राँझा (बाँके), ४ भदौ । बजार मूल्य राम्रो पाउन थालेपछि बाँकेका किसान व्यावसायिक सागसब्जी खेतीतर्फ आकर्षित भएका छन् । विगतमा निर्वाहमुखी खेती गर्दै आएका किसानसमेत अहिले व्यावसायिक रूपमा सागसब्जी खेती गर्न अग्रसर भएको कृषि ज्ञान केन्द्र बाँकेका निमित्त प्रमुख वरिष्ठ कृषि प्रसार अधिकृत सुजिता शर्माले जानकारी दिनुभयो ।

उहाँका अनुसार अहिले बाँकेमा छ हजार ३५२ हेक्टर जमिनमा वार्षिक करिब १३ मेट्रिकटन सागसब्जी उत्पादन हुने गरेको छ । कृषि ज्ञान केन्द्रले महिला तथा बालबालिका पोषण सुधार कार्यक्रमअन्तर्गत एक हजार ३५० किसानलाई लौका, फर्सी, करेलालगायत हिउँदे सागसब्जी बालीका बीउ वितरण गरेको छ ।

भारतबाट आयात हुने सागसब्जीमा भन्सारमा कडाइ गरिएपछि बाँकेका किसानले उत्पादन गरेको सागसब्जी खेतबारीबाटै राम्रो मूल्यमा बिक्री हुन थालेको छ । पछिल्लो समय नगदे बालीका रूपमा सागसब्जी खेतीतर्फ किसानको आकर्षण बढ्दै गएको शर्माले बताउनुभयो ।

बाँकेको डुडुवा गाउँपालिका-६ हिरमिनिया, नेपालगञ्ज उपमहानगरपालिका-१४ भवानीयापुर, १७ परसपुर, १९ बसुदेवपुर, २१ पुरैनी र २२ पुरैनाका विभिन्न गाउँमा किसानले व्यावसायिक तरकारी खेती गर्दै आएका छन् ।

गाउँका धेरै किसानले अहिले सागसब्जी खेती गर्न थालेको नेपालगञ्ज-१९ का अगुवा किसान गोपी यादवले बताउनुभयो । "पहिले सागसब्जी बिक्री गर्न टाढाटाढा पुग्नुपर्थ्यो, अहिले खेतबारीबाटै राम्रो मूल्यमा बिक्री हुन थालेपछि गाउँमा सागसब्जी खेती गर्ने किसान बढ्दै गएका छन्," उहाँले भन्नुभयो ।

भारतबाट आयात हुने सस्तो सागसब्जीसँग प्रतिस्पर्धा गर्न नसकेका स्थानीय किसानले अहिले उत्पादनको राम्रो मूल्य पाउन थालेका छन् । भारतबाट आउने सागसब्जीको भन्सारमा कडाइ गरिएपछि बाँकेका किसानले उत्पादन गरेको उत्पादनले बजार पाएको नेपालगञ्जस्थित रानीतलाउ कृषि उपज बजार सञ्चालक समितिका अध्यक्ष मोतिसरा थापा क्षेत्रीले बताउनुभयो ।

उहाँका अनुसार नेपालगञ्जको रानीतलाउ बजारमा अहिले बाँकेमै उत्पादन भएको सागसब्जी आउने गरेको छ । भारतबाट बिक्रीका लागि ल्याइने सागसब्जी भन्सार गर्नुपर्ने प्रावधानका कारण स्वदेशी कृषि उपजले बजार पाएको हो । भारतबाट भन्सार तिरेर कृषि उपज ल्याउँदा महँगो पर्ने भएकाले व्यवसायीले आयात घटाएका छन् ।

यतिबेला नेपालगञ्जको बजार बाँकेका किसानले व्यावसायिक रूपमा उत्पादन गरेका फूलगोभी, बन्दागोभी, लौका, फर्सी, काँक्रा, बोडी, गोलभेडा, खुर्सानीलगायत कृषि उपजले धानेको छ ।

आयात घटेपछि आफूहरूले उत्पादन गरेको सागसब्जीले राम्रो मूल्य पाएको नेपालगञ्ज उपमहानगरपालिका-२१ पुरैना गाउँका किसान जलालुद्दीन बागवानले बताउनुभयो ।

विगतमा मण्डीमा लैजाँदासमेत सस्तो मूल्यमा बिक्री गर्नुपर्ने अवस्था रहे पनि अहिले बारीबाटै राम्रो मूल्यमा बिक्री भइरहेको उहाँले बताउनुभयो । **रासस**



**बाढीले कोरला सडक क्षति गरेपछि यात्रुलाई सास्ती**

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-३ स्थित मुस्ताङ द्वार नजिकको चैले सडकमा बाढीले सडक ट्याक पूर्णरूपमा क्षति पुगेपछि उपल्लो मुस्ताङ जाने स्थानीय तथा पर्यटकलाई भएको सास्ती । बुधबार राति परेको पानीका कारण आएको बाढीले क्षति पुऱ्याएको कोरला सडक खुलाउन बेनी-जोमसोम-कोरला सडक आयोजनाको उपकरण परिचालन गरी बिहीबारदेखि सडक खुलाउने कार्य भइरहेको छ । वर्षाका कारण कोरला सडकको समर र भो खोलामा स-सना खोलाबाट आएको बाढीले पनि सडकमा क्षति पुऱ्याएको छ । *तस्बिर: सुन्दरकुमार थकाली/रासस*

# सात हजार कुखुराको 'पोस्टमार्टम' : १० रोग पहिचान

चितवन, ४ भदौ । यहाँ रहेको राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशालाले एक वर्षमा सात हजार कुखुराको शरीरभित्रको रोग पत्ता लगाउन 'पोष्टमार्टम' गरेको छ । चितवनसहित १६ जिल्लाका कुखुरापालक किसानका ती कुखुराको पोष्टमार्टम गरी रोग पहिचान गरिएको हो ।

प्रयोगशालाका प्रमुख डा. विजयकुमार श्रेष्ठका अनुसार पोष्टमार्टम गरिएका कुखुरामा विभिन्न प्रकारका रोग देखिएको थियो । प्रयोगशालाले पोष्टमार्टमबाहेक रोग पहिचानको काम गरेको छ । एक हजार ५०० कुखुराको नमुना परीक्षणका क्रममा कुखुरामा १० रोग देखिएको उहाँले जानकारी दिनुभयो । परीक्षणका क्रममा २२ प्रतिशत कुखुरामा इकोलाई, १३ प्रतिशतमा गम्बारो, नौ प्रतिशतमा कुखुरामा घ्यारघ्यारको रोग ( सिआरडी) देखिएको उहाँले बताउनुभयो । ढुसीजन्य रोगका नौ प्रतिशत, सिसिआरडी चार प्रतिशत, साल्मोनेलोसिस तीन दशमलव पाँच प्रतिशतमा देखिएको छ ।

यस्तै, एभिएन 'इन्फ्लुएन्जा', कुखुराको हैजा, आइबी र रानीखेतको सङ्क्रमण देखिएको हो । द्रुत परीक्षणका क्रममा २७८ वटा नमुना परीक्षणका क्रममा ४७ वटामा एभिएन इन्फ्लुएन्जा सङ्क्रमण देखिएको छ । एक सय ७६ वटा गम्बारो परीक्षणका क्रममा १०९ मा सङ्क्रमण देखिएको छ । उनान्सय वटाको रानीखेत परीक्षण गर्दा सात वटामा रोग देखिएको छ भने ४६ वटा आइबी परीक्षणका क्रममा दुई वटामा सङ्क्रमण देखिएको उहाँले बताउनुभयो ।

यसैगरी, ३६९ वटाको पिएटी विधिबाट नमुना परीक्षणका क्रममा १२ वटामा साल्मोनेला, ३६० वटा नमुना परीक्षणका क्रममा १६ वटामा माइकोप्लाजमा, १८४ वटाको इलाइजा परीक्षणका क्रममा ३८ वटामा माइकोप्लाजमा र १८४ वटाको परीक्षणका क्रममा ९२ वटामा चिकेन इन्फेक्सस एनेमिया भाइरस (सिआइएभी) सङ्क्रमण देखिएको उहाँले जानकारी दिनुभयो । नौ सय वटा कुखुराको नमुना कल्चर गर्दा ७८९ नमुनामा सङ्क्रमण देखिएको छ । सङ्क्रमण देखिएकालाई कुन एन्टीबायोटिक प्रयोग गर्ने भन्ने विषयमा जानकारी सेवाग्राहीलाई दिइएको उहाँले बताउनुभयो ।

कुखुराजन्य रोगको सङ्क्रमण रोक्नका लागि जैविक सुरक्षा अपनाउनुपर्ने उहाँको भनाइ छ । जैविक सुरक्षा अपनाउन नसक्दा रोगको जोखिम थपिने उहाँले बताउनुभयो । **रासस**

# आमाको कलेजोले बच्यो पाँच वर्षीया छोरीको जीवन

ललितपुर, ४ भदौ । इमाडोलस्थित किष्ट शिक्षण अस्पतालमा पाँच वर्षीया बालिकामा सफलतापूर्वक कलेजो प्रत्यारोपण गरिएको छ ।

किष्ट प्रत्यारोपण केन्द्रले यही भदौ २ गते ३३ वर्षीया आमाबाट पाँच वर्षीया छोरीमा जीवित दाता कलेजो प्रत्यारोपण गरेको अस्पतालका प्रबन्ध निर्देशक डा. अविषेक थापाले जानकारी दिनुभयो । उहाँका अनुसार नेपालमा बाल कलेजो प्रत्यारोपण सेवाको विकासका दृष्टिले यो महत्त्वपूर्ण उपलब्धि हो ।

विल्सन रोगका कारण गम्भीर स्वास्थ्य अवस्थामा पुगेकी बालिकालाई उपचारका लागि अस्पताल ल्याइएको थियो । प्रत्यारोपण अघि उहाँको स्वास्थ्य अवस्था निकै जटिल रहेको थियो । करिब एक महिनासम्म विभिन्न विशेषज्ञ चिकित्सकको संयुक्त उपचार, सघन उपचार तथा निरन्तर निगरानीमार्फत स्वास्थ्य अवस्था स्थिर बनाएपछि कलेजो प्रत्यारोपण गरिएको डा. थापाले बताउनुभयो ।

भदौ २ गते ३३ वर्षीया आमाले आफ्नी पाँच वर्षीया छोरीलाई आफ्नो कलेजोको एक अंश दान गर्नुभएको थियो । आमाबाट छोरीमा गरिएको जीवित दाता कलेजो प्रत्यारोपण सफलतापूर्वक सम्पन्न भएको अस्पतालले जनाएको छ ।

# विभिन्न तीन प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना

काठमाडौँ, ४ भदौ । हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ । हाल मनसुनको न्यूनचापीय रेखा सरदर स्थानको आसपास रहेको छ । हाल देशभर साधारणतया बादल लागेको छ ।

कोसी, वाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही ठाउँमा हल्कादेखि मध्यम वर्षा भइरहेको जल तथा मौसम विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका अनुसार बिहीबार दिउँसो पनि साधारणतया बादल लाग्नेछ । हिमाली भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना छ । पहाडी भूभागका धेरै स्थान, वाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभागका केही स्थान तथा मधेस प्रदेश साथै कोसी प्रदेशको तराई भूभागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना छ । कोसी, वाग्मती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भूभागका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना छ । कोसी प्रदेशको तराई र मधेस प्रदेशका केही स्थानमा हुरीबतासको सम्भावना रहेको महाशाखाले जनाएको छ ।

त्यसैगरी, बिहीबार राति देशका हिमाली र पहाडी भूभागमा साधारणतया बादल लाग्नेछ । कोसी र सुदूरपश्चिम प्रदेशको तराईमा साधारणतया बादल तथा बाँकी तराई भूभागमा आंशिक बादल लाग्नेछ । देशका हिमाली भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना छ ।

पहाडी भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना छ । कोसी र लुम्बिनी प्रदेशको तराई भूभागका केही स्थान, मधेस तथा वाग्मती, गण्डकी र सुदूरपश्चिम प्रदेशको तराईका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना रहेको महाशाखाद्वारा जारी मौसम बुलेटिनमा उल्लेख छ । **रासस**

# नेपालमा १६८ प्रजातिका लामखुट्टे कीटजन्य रोगको जोखिम बढ्दो

काठमाडौँ, ४ भदौ । विश्व लामखुट्टे दिवस नेपालमा 'सानो टोकाइ, ठूलो चुनौती' भन्ने नाराका साथ विविध कार्यक्रम आयोजना गरेर बिहीबार मनाइयो । लामखुट्टेको टोइकाइबाट उत्पन्न हुने रोगबाट बच्न तथा यसबारे जनचेतना फैलाउन यो दिवस मनाइन्छ ।

लामखुट्टेको टोकाइबाट औँलो, डेङ्गु, चिकन गुनिया, कालाजार, स्क्रब टाइफस, हात्तीपाइले, जापनिज इन्सेफलाइटिसजस्ता रोगहरू लाग्दछ । नेपालमा हालसम्म १६८ प्रजातिका लामखुट्टे भेटिएको पुष्टि भएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभागका अनुसार नेपालमा गत आवमा ती रोगबाट करिब १८ हजार ७१० जना प्रभावित भएका थिए । पछिल्लो समय जलवायु परिवर्तनका असरका कारण उच्च हिमाली भेगमासमेत लामखुट्टेको टोकाइबाट हुने रोगको जोखम उच्च हुँदै गएको छन् ।

विभागले सातवटै प्रदेशमा कीटजन्य रोग नियन्त्रणका लागि प्रयोगशाला स्थापना गरेर विभिन्न काम गरिरहेको जनाएको छ । किट रोग नियन्त्रण शाखाका प्रमुख डा. गोकर्ण दाहालका अनुसार पछिल्लो समय कीटजन्य रोग ५६ जिल्लामा देखा परिसकेको छ । **रासस**

# जापानिज इन्सेफ्लाइटिस: सप्तरी र कैलालीमा चार जनाको मृत्यु

सप्तरी, ४ भदौ । सप्तरीमा जापानिज इन्सेफ्लाइटिसका कारण दुई जनाको मृत्यु भएको छ । तिलाठी कोइलाडी गाउँपालिका-१ का ७४ वर्षीय सत्यनारायण यादव र राजगढ गाउँपालिका-३ का १४ वर्षीय शिवकुमार रामको जापानिज इन्सेफ्लाइटिसका कारण मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयका स्वास्थ्य अधिकृत शतिश यादवले जानकारी दिनुभयो ।

दुवै जनाको गत साउन २१ गते उपचारको क्रममा मृत्यु भएको थियो । यादवको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा र रामको गोल्डेन हस्पिटल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको बताउँदै स्वास्थ्य अधिकृत यादवले जापानिज इन्सेफ्लाइटिसबाट जिल्लामा अन्य तीन जना बिरामी भएको जानकारी दिनुभयो । बिरामीहरू उपचारपछि घर फर्किसकेको जनाउँदै उहाँले तीमध्ये दुई जनाको मृत्यु भएको उल्लेख गर्नुभयो ।

स्वास्थ्य अधिकृत यादवले अहिलेको समयमा यो रोग लाग्न नदिन लामखुट्टेको टोकाइबाट बच्न आवश्यक रहेकोमा जोड दिनुभयो । उहाँले साँझपख घर बाहिर ननिस्कने, खेतबारीमा काम गर्दा लामो बाउला भएको लुगा लगाउने, सुत्ने बेला झुलको प्रयोग गर्नेलगायत गरेमा लामखुट्टेको टोकाइबाट बच्न सकिने धारणा राख्नुभयो ।

यसैबिच, कैलालीको घोडाघोडी नगरपालिकामा पनि जापनिज इन्सेफ्लाइटिसको सङ्क्रमणबाट दुई जनाको मृत्यु भएको छ । उपचारको क्रममा घोडाघोडी-४ र ९ का दुई जनाको मृत्यु भएको नगरपालिकाका सिनियर अहेब मानबहादुर बोहराले जानकारी दिनुभयो । उहाँका अनुसार मृत्यु हुनेमा ३४ र ७० वर्षीया महिला छन् ।

सिनियर अहेब बोहराका अनुसार घोडाघोडीमा पछिल्लो तीन वर्षयता जापनिज इन्सेफ्लाइटिसका बिरामी देखिन थालेका हुन् । अघिल्लो आर्थिक वर्षमा वडा नं ४ का एक जनामा सङ्क्रमण देखिए पनि उपचारपछि उहाँ निको हुनुभएको थियो । आर्थिक वर्ष २०८१/८२ मा वडा नं ५ र ६ का दुई जनामा सङ्क्रमण देखिएको थियो भने यस वर्ष सङ्क्रमणबाट दुई जनाको मृत्यु भएको हो ।

"जापनिज इन्सेफ्लाइटिस क्युलेक्स जातको पोथी लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने रोग हो । सङ्क्रमित सुँगुर वा बङ्गुरलाई टोकेको लामखुट्टेले मानिसलाई टोक्दा भाइरस सर्न सक्ने भएकोले लामखुट्टेको टोकाइबाट बच्ने र घर वरिपरि सरसफाइमा विशेष ध्यान दिनुपर्दछ", सिनियर अहेब बोहराले भन्नुभयो ।

सङ्क्रमण देखिएपछि घोडाघोडी नगरपालिकाको स्वास्थ्य शाखाले बिहीबार आकस्मिक बैठक बोलाएर रोगको अवस्था र रोकथामका उपायबारे छलफल गरेको छ । नगरपालिकाका १३ वटै स्वास्थ्य संस्थामार्फत जापानिज इन्सेफ्लाइटिसको जोखिम, लक्षण र बच्ने उपायबारे समुदायस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने बोहराले बताउनुभयो । उहाँका अनुसार नगरपालिकाका ८४ वटा आमा समूहलाई पनि परिचालन गरी रोगका लक्षण, रोकथामका उपाय र समयमा उपचारका लागि स्वास्थ्य संस्था पुग्नुपर्ने विषयमा जानकारी गराइनेछ ।

अत्यधिक ज्वरो आउने, बेहोस हुने आदि लक्षण देखिएमा बिरामीलाई तत्काल स्वास्थ्य संस्थामा पुऱ्याउन बोहराले आग्रह गर्नुभएको छ । उहाँले लामखुट्टेको टोकाइबाट जोगिन झूल प्रयोग गर्ने, घर वरिपरि पानी जम्न नदिने तथा सरसफाइमा ध्यान दिन आग्रह गर्नुभएको छ ।

। सम्पादकीय ।

# सङ्‌घ र प्रदेश सरकारमा शासक दलहरूको प्रहसन !

बितेको ३५ वर्षयता नेका, एमाले, राप्रपा, रास्वपा, मधेस आधारित दल, राजमोबिच सङ्घीय सरकार भागबन्डा भयो । गत भदौ २३ र २४ गतेको 'जेनजी आन्दोलन' को बेला नेकाको समर्थनमा एमालेका केपी ओलीको झन्डै दुईतिहाइको सरकार थियो । भदौ २३ गतेको काण्डपछि भदौ २४ गते बिहान ८ बजे एमालेका प्रम ओलीको राजीनामा मागियो । ओलीले आफू झन्डै दुईतिहाइको सरकार भएको हुँदा राजीनामा नदिने बताए । भदौ २४ गते बिहान १० बजेबाट देशभरि आगजनी सुरु गरियो । अपराह्न १:३० बजे प्रम बसेको सरकारी निवास बालुवाटार भवनमा पनि आगजनी सुरु गरियो । ओली बिहानको आफ्नो अडानमा बस्न सकेनन् । प्रम पदको राजीनामा सुरक्षाकर्मीलाई बुझाएर अहिले हेलिकप्टरमा उडे र १२ दिनसम्म कता थिए, जनतालाई खबर भएन ।

नेपालको संविधानमा प्रमले राष्ट्रपतिसमक्ष राजीनामा दिने बन्दोबस्त छ । भदौ २४ गते ओलीले राजीनामा राष्ट्रपतिसमक्ष दिन्छु भन्न किन सकेनन् ? ३५ वर्षयता प्रम पदमा बहालीलगत्तै सहिद गेटमा राखिएका सहिदका प्रतिमालाई फूलमाला चढाई श्रद्धा व्यक्त गर्न पुग्ने प्रमहरूले सहिदको त्याग, तपस्या र बलिदानलाई कुल्चेर भदौ २४ गते पदबाट राजीनामा दिनु 'काँतर' हुनु किन होइन ?

२०७४ सालको चुनावयता प्रदेश सरकारहरू नेका, एमाले, तत्कालीन माओवादी, मधेस आधारित दल, राजमो, राप्रपाबिच समीकरण फेरबदल भइरहेको छ । करिब एक महिनाअघि एमाले र तत्कालीन माओवादी हालको नेकपाबिच प्रदेश सरकार गठनको नयाँ समीकरण बनाइयो । वाग्मती प्रदेशमा एमाले-नेकपाको समीकरणमा राप्रपाका सांसदहरू पनि सहभागी भए । राप्रपा अध्यक्ष लिङ्देनको अनुमतिबिना वाग्मती प्रदेशको एमाले सरकारमा सामेल भएका सांसदहरूलाई राप्रपाबाट कारबाही हुने सार्वजनिक भयो । अब लिङदेनको साम् पार्टीको निर्णयबिना वाग्मती प्रदेशको एमाले सरकारमा समर्थन र सामेल हुन पुगेका सांसदहरूको सांसद पद हटाउन लगाउने वा आफै राजीनामा दिने दुई विकल्प रहेको पनि सार्वजनिक भयो । लिङदेनले कुन बाटो रोज्लान् ?

रास्वपाका मन्त्री र सांसदहरूको भर्खरैको संयुक्त बैठकमा संसद्मा बोल्ने विषय, भेटघाटलगायत गतिविधि पार्टीलाई जानकारी दिनुपर्ने, विगतमा रास्वपाको घृणा गर्नेहरू अहिले ठुलो रास्वपा भएको, सरकार र मन्त्रीका कामकारबाहीलाई लिएर संसद्मा प्रश्न उठाउने विषय छलफल गरियो । यो छलफलअनुसार रास्वपा एउटा दर्शन र वर्ग आधारमा खुलेको राजनीतिक पार्टी नभएको, सांसदहरू अनुशासनमा नबसेको, बहुदलीय व्यवस्था पुन:स्थापनापछि पञ्चहरू प्रवेश गर्ने नेका र एमाले 'कन्टेनर' बन्नेजस्तै रास्वपाको स्थिति भएको पुन: पुष्टि भयो । संसदीय व्यवस्थामा विपक्षीले सरकारलाई जनताप्रति जवाफदेही बनाउन प्रश्न उठाउने र सो प्रश्नअनुसार सरकारले गरेका कामबारे सत्ता पक्षका सांसदहरूले बोलेर सरकारको बचाउ गर्ने हो । नेका, एमाले र तत्कालीन माओवादी सरकारको बेला सत्ता पक्षका सांसदहरू सरकारविरुद्ध बोलेर 'चर्का चर्का' कुरा गरेर विपक्षीलाई कमजोर देखाउन खोजेजस्तै अहिले रास्वपाका सांसदहरू 'नाटक' मञ्चन गर्न लागेका त होइनन् ?!

रास्वपाले भदौ १ गते स्थानीय तहको चुनावको लागि ७५३ पालिका, ६,७४३ वडालाई आवश्यक ३५,२२१ उम्मेदवार बन्न चाहनेहरूलाई 'क्यान्डिडेट क्लब' मा सामेल हुन आह्वान गऱ्यो । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा संलग्न अमेरिकी युथ काउन्सिल, बारबरा फाउन्डेसन, टीओबी, एसएफटी, आईआरआई, एनईडीका सदस्यहरूमध्ये कतिपय सांसद र मन्त्रीमा पुगेको पनि सार्वजनिक भयो । रास्वपाको 'क्यान्डिडेट क्लब' मा यी नै संस्थाहरूबाट नेतृत्व तालिम पाएका, राजनीतिक निकट, समावेशी, सम्बन्धित वडा र तहमा मतदाता हुने त होइनन् ? यो प्रश्न पनि उठिरहेको छ ।

# सरकार र प्रतिनिधिसभाको सम्बन्ध

• सुवर्ण श्रेष्ठ

नेपालको संविधान २०७२ अनुसार सङ्घीय संसद्को तल्लो सदन प्रतिनिधिसभा हो । यसमा कुल २७५ सदस्य हुन्छन् । सदस्यहरूको चयन मिश्रित निर्वाचन प्रणालीबाट ५ वर्षका लागि हुन्छ । प्रत्यक्ष निर्वाचनबाट १६५ जना सदस्यहरू एकल मतदान क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने प्रणालीमार्फत चुनेर आउँछन् भने समानुपातिक निर्वाचनबाट ११० सदस्यहरू एउटै देशव्यापी निर्वाचन क्षेत्रबाट बन्द सूचीको आधारमा समानुपातिक प्रणालीबाट चुनेर आउँछन् । २०८२ फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) का १८२ जना, नेपाली काङ्ग्रेसका ३८ जना, नेकपा (एमाले) का २५ जना, नेपाली कम्युनिस्ट पार्टीका १७ जना, श्रम संस्कृति पार्टीका ७ जना, राष्ट्रिय प्रजातन्त्र पार्टीका ५ जना र स्वतन्त्र १ जना निर्वाचित भएका हुन् ।

प्रतिनिधिसभाको अधिकारी वा प्रमुख व्यक्ति सभामुख हो । व्यवस्थापिका प्रक्रियामा सभामुखको भूमिका महत्त्वपूर्ण हुन्छ । संसद्को बैठकको अध्यक्षता गर्ने, सु-व्यवस्था कायम राख्ने, निष्पक्ष रूपमा बहस र छलफल सुनिश्चित गर्नेलगायतका कामहरू सभामुखको हुन्छ । प्रतिनिधिसभाले देशको लागि आवश्यक सङ्घीय कानुन बनाउँछ, भइरहेको कानुन परिमार्जन गर्छ र पेस भएका विधेयकहरू पारित गर्न सक्छ । त्यस्तै, राजस्व र व्ययसम्बन्धी अर्थ विधेयक अनिवार्य रूपमा प्रतिनिधिसभामा मात्र दर्ता गर्नुपर्छ र पारित गरिन्छ ।

प्रतिनिधिसभाले बहुमत प्राप्त संसदीय दलको नेता वा बहुमत पुऱ्याउन सक्ने सदस्यलाई प्रधानमन्त्री चयन गर्दछ । अर्थात्, सरकार गठन गर्दछ । साथै सरकारमाथि नियन्त्रण राख्न अविश्वासको प्रस्ताव दर्ता गर्ने र पारित गर्ने अधिकार पनि प्रतिनिधिसभालाई छ । सरकार प्रतिनिधिसभाप्रति उत्तरदायी र जवाफदेही हुनुपर्छ । प्रधानमन्त्री र मन्त्रीहरूसँग देशका समसामयिक मुद्दा र सरकारी कामबारे प्रश्न सोध्ने र जवाफ माग्ने अधिकार हुन्छ । सरकारले पेस गर्ने वार्षिक बजेटमाथि छलफल गरी पारित गर्ने अधिकार हुन्छ । कानुनबमोजिम बाहेक कुनै कर लगाउन र सरकारले ऋण लिन नपाउने व्यवस्थाको नियमन पनि प्रतिनिधिसभाले गर्दछ ।

राष्ट्रपति, उपराष्ट्रपति, प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीशहरू संवैधानिक निकायका प्रमुख र सदस्यहरूविरुद्ध महाभियोग प्रस्ताव दर्ता गर्ने र पारित गर्ने अधिकार प्रतिनिधिसभालाई हुन्छ । सरकारले घोषणा गरेको सङ्कटकालीन अवस्था वा आदेशलाई अनुमोदन गर्ने अधिकार पनि प्रतिनिधिसभालाई हुन्छ ।

नेपालको संविधान र प्रतिनिधिसभा नियमावलीअनुसार प्रधानमन्त्री प्रतिनिधिसभाप्रति पूर्ण रूपमा उत्तरदायी हुनुपर्छ । यदि प्रधानमन्त्रीले प्रतिनिधिसभालाई टेरेनन्, संसद्प्रति जवाफदेही भएनन् वा संसद्को उपेक्षा गरेमा प्रतिनिधिसभासँग प्रधानमन्त्रीलाई तह लगाउने र पदबाट हटाउनेसम्मका संवैधानिक र कानुनी उपायहरू छन् ।

संविधानको धारा १०० (४) बमोजिम प्रतिनिधिसभाका एकचौथाइ सदस्यले प्रममाथि संसद्को विश्वास छैन भनी अविश्वासको प्रस्ताव दर्ता गर्न सक्छन् । तर, प्रधानमन्त्री नियुक्त भएको पहिलो २ वर्षसम्म र १ पटक राखेको अविश्वासको प्रस्ताव असफल भएको १ वर्षभित्र अविश्वासको प्रस्ताव पेस गर्न सकिने छैन । अविश्वासको प्रस्ताव बहुमतबाट पारित भएमा प्रधानमन्त्री स्वत: पदमुक्त हुन्छन् । यदि प्रधानमन्त्री गठबन्धन सरकारको नेतृत्वमा छन् र सत्ता साझेदार दलहरूलाई उनले टेरेनन् भने ती दलले समर्थन फिर्ता लिन सक्छन् । यस्तो अवस्थामा ३० दिनभित्र प्रधानमन्त्रीले धारा १०० (२) बमोजिम पुन: विश्वासको मत लिनुपर्दछ । विश्वासको मत लिन नसकेमा प्रम स्वत: पदमुक्त हुन्छन् अर्थात् सरकार विघटन हुन्छ ।

प्रधानमन्त्रीले संसद्लाई बेवास्ता गरेमा संसद्ले सरकारले ल्याएको वार्षिक बजेट र अन्य महत्त्वपूर्ण विधेयकहरू अस्वीकृत वा असफल गरिदिन सक्छ । बजेट फेल (असफल) हुनु भनेको सरकार अल्पमतमा पर्नु हो । यस्तो अवस्थामा प्रधानमन्त्रीले राजीनामा दिने वा विश्वासको मत साबित गर्नुपर्दछ ।

प्रतिनिधिसभाका विभिन्न विषयगत समितिहरूसँग प्रधानमन्त्री र मन्त्रीहरूलाई बोलाएर स्पष्टीकरण सोध्ने अधिकार हुन्छ । समितिले सरकारी निर्णय रोक्न वा सच्याउन निर्देशन दिन सक्छन् । निर्देशन पालना नगरेमा संसद्मा विशेषाधिकार हननको मुद्दा चल्न सक्छ ।

संसद्ले प्रधानमन्त्रीलाई रोस्टममा उभ्याएर देशको मुद्दामा जवाफ दिन बाध्य पार्छ ।

सरकार अथवा प्रधानमन्त्रीलाई पनि संसद्ले सहयोग गर्नुपर्दछ । प्रधानमन्त्रीलाई संसद्बाट सहयोग भएन, सरकारका विधेयक र बजेट पारित हुन सकिएन वा संसदीय गतिरोध उत्पन्न भयो भने प्रधानमन्त्रीले पनि आफूसँग भएको हक-अधिकार प्रयोग गर्न सक्छन् । प्रधानमन्त्रीले आफूमाथि संसद्को विश्वास छ भन्ने कुरा स्पष्ट गर्न जुनसुकै बेला प्रतिनिधिसभामा विश्वासको मतको प्रस्ताव राख्न सक्छन् । यदि बहुमतले विश्वासको मत दियो भने प्रधानमन्त्रीले संसद्लाई आफ्नो योजनाअनुसार काम गर्न दबाब दिन सक्छन् ।

संसद्ले बजेट वा नीति तथा कार्यक्रम पारित गरेन र प्रधानमन्त्रीलाई काम गर्नै दिएन भने धारा ७७ (१) (क) बमोजिम राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएर पदबाट हट्न सक्छन् । यसपछि नयाँ सरकार गठनको प्रक्रिया सुरु हुन्छ । अर्थात्, प्रधानमन्त्रीले असन्तुष्ट दलहरूलाई फकाउन वा नयाँ दलहरूसँग समीकरण बनाएर मन्त्रिमण्डल पुनर्गठन गर्न सक्छन् । यदि आफ्नै दलका सांसदहरूले सहयोग नगरेका हुन् भने प्रधानमन्त्रीले संसदीय दलको नेताको हैसियतमा ह्विप जारी गर्न लगाउन सक्छन् । ह्विप जारी उल्लङ्घन गर्ने सांसदको पदसमेत जान सक्छ ।

वैकल्पिक सरकार गठन हुने अवस्था रहेन भने धारा ७६ (७) बमोजिम प्रमको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी ६ महिनाभित्र नयाँ निर्वाचनको घोषणा गर्न सक्ने व्यवस्था छ । तर, प्रधानमन्त्रीले आफूलाई रिस उठेको वा संसद्ले सामान्य सहयोग नगरेकै भरमा सिधै संसद् विघटन गर्न पाउँदैनन् । अर्थात्, संसद्बाट वैकल्पिक सरकार बन्ने सम्भावना भएसम्म संसद् विघटन गर्न मिल्दैन ।

वर्तमान सरकारका प्रमुख प्रधानमन्त्री बालेन्द्र शाहलाई सभामुखबाट संसद्मा उपस्थित हुन रुलिङसमेत गर्नुपरेको अवस्था छ । प्रतिनिधिसभाको निर्वाचनको बेलामा थिति बसाल्ने सङ्कल्पको वाचापत्रअनुसार बहुमतले सांसदहरू निर्वाचित गर्न सफलता पाएको रास्वपाका नेताहरू नै प्रधानमन्त्री र सभामुख छन् । हुन त निर्वाचनको समयमा केही मतदाताहरूले घोषणापत्र, वाचापत्रको आधारमा रास्वपालाई मतदान गरेका थिएनन्, अबको प्रधानमन्त्री बालेन्द्र भनी मतदान गरेका थिए । निर्वाचनपूर्व बालेन्द्र शाह काठमाडौँ महानगरपालिकाका स्वतन्त्र उम्मेदवार भई निर्वाचित प्रमुख हुन् । दलको उम्मेदवार र स्वतन्त्र उम्मेदवारबिच धेरै कुरामा फरक हुन्छ ।

रास्वपाको चुनाव चिह्न घण्टी भएको र बालेन्द्र शाह रास्वपाको उम्मेदवार भएकाले अधिकांश मतदाताहरूले आफ्नो निर्वाचन क्षेत्रमा को उम्मेदवार छ भन्ने थाहा नै नपाई बालेन्द्र शाहलाई प्रम बनाउन घण्टी चिह्नमा मतदान गरे ।

२०४६/०४७ को जनआन्दोलनपछि प्रजातान्त्रिक व्यवस्थापन पुन: स्थापना भयो । २०४८ सालदेखि २०८२ सालसम्म नेका, एमाले, माओवादी, राप्रपा, मधेस आधारित दललगायत केही अन्य दलका सांसदहरूले देशमा शासन चलाए । पुँजीवादी शासन प्रणाली भएकोले जनताले अपेक्षा र आशा गरेअनुसार देशको विकास भएन, रोजगारी सिर्जना भएन, देशभित्र शान्ति सुरक्षा कायम भएन, भ्रष्टाचार र पक्षपातले जरा गाड्यो ।

नयाँ नयाँ उद्योग, कलकारखाना, व्यापार व्यवसायमा राम्रो प्रगति हुन सकेन । सार्वजनिक संस्थानहरू क्रमश: निजीकरण गरिए । रोजगारीको लागि करोडौँ युवाहरू बिदेसिन बाध्य भए । आर्थिकरूपमा देश कमजोर हुँदै गयो । शिक्षित युवाहरूले सरकारमा गएकै पार्टीहरू र नेताहरूको कारण आफूहरूले दु:ख पाएको, बिदेसिनु परेको ठहर गरे । निर्वाचनबाट मात्र ती दल र नेताहरूलाई पाठ सिकाउन सकिन्छ भनेर फागुन २१ को निर्वाचनमा रास्वपालाई जिताइयो ।

निर्वाचनको परिणामसँगै रास्वपाभित्र द्वन्द्व, पदको लागि विवाद भएको कुरा बाहिरिएको छ । सरकार गठन र मन्त्रीहरूको हेरफेरले यी कुरालाई प्रस्ट पार्छ ।

रास्वपाका 'वरिष्ठ नेता' बालेन्द्र साहले संसदीय व्यवस्थामा संसदीय आचरण गरेनन् भनी आफ्नै पार्टीका सांसदहरूले विरोध गरेका छन् । हाल सभामुख डोलप्रसाद अर्यालले रूलिङसमेत गरेको समाचार बाहिर आएको छ ।

रास्वपाको वाचापत्रमा उल्लेख भएअनुसार सरकारले काम गरेको देखिँदैन । सरकारमा गएको ४/५ महिना नबित्दै सरकारले नै ग्याँसको सिलिन्डर बिक्री वितरण गऱ्यो । हजारौँ मानिस ग्याँसको लाइनमा ३/४ घण्टा बस्नु पऱ्यो । ग्याँसको आपूर्ति बढाएको भनी सरकार र आयल निगमले भनिरहे पनि ग्याँस सहज रूपमा पाइरहेको छैन । कृषिप्रधान देशमा धान रोप्ने समयमा रासायनिक मल पर्याप्त नहुँदा ५/१० किलो मलको लागि कृषकहरू लाइन बस्न बाध्य भएका छन् । विदेश जानेहरूको लाइन, रोजगारीको लागि आवेदन दिन लाइन जताततै लाइन नै लाइन देखिएको छ, किन ? यसको अर्थ रास्वपा भन्ने एउटा र गर्ने अर्कै पार्टी हो भन्दा फरक नपर्ला ।

रास्वपाको सरकारले राजस्व वृद्धि गर्न शिक्षा र स्वास्थ्यमा समता कर लगायो । उक्त कुरा उल्लेखित बजेट पारित पनि भयो । तर, प्रमले शिक्षा कर खारेज गरेको देखियो । यस्तो अधिकार प्रमलाई हुँदैन र छैन पनि । कि त संसदीय प्रक्रियाअनुसार बजेट संशोधन गरेर ल्याउनुपर्थ्यो, त्यसो गरेको/भएको देखिएन ।

सरकारले महँगी बढेको अनुपातमा सरकारी तलब भत्ता खाने कर्मचारी, शिक्षक, सेना, प्रहरी, प्राध्यापकलगायतका पेसाकर्मीहरूको तलब-भत्ता वृद्धि गऱ्यो तर महँगी नियन्त्रण गर्न ठोस कदम चालेको देखिँदैन । तलब-भत्ता पाउने नागरिकहरूको सङ्ख्याभन्दा २० औँ गुणा अन्य नागरिकहरूलाई पनि महँगीले असर पारेकै छ तर तिनीहरूलाई सम्बोधन हुने गरी कुनै कार्यक्रम अगाडि आएको देखिँदैन । यसको अर्थ यो रास्वापको सरकार बहुमत जनताको हित र कल्याणको पक्षमा नभएको कुरा नागरिकहरूले गर्न थालेका छन् ।

# बालेन सरकारलाई खुला पत्र

आज पुन: अर्को समाचार तीन वर्षीय बालिकाको बलात्कारपछि विभत्स हत्या भएको खबरले मेरो ध्यानाकर्षण भएको छ । बाराको जीतपुर सिमरा-१ भक्तिनगरमा ३ वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

शिशु, बालिका, किशोरी, महिला, ज्येष्ठ नागरिकको शरिरमाथिको भोकपछि निमोठिने आवाज र नारीको क्रुरतापूर्ण, विभत्स हत्या कतिञ्जेलसम्म हेर्ने, सुन्ने हो हामीले ?, परिवार, समाज र सिङ्गो राष्ट्रको सामाजिक, कानुनी व्यवस्था, सरकार कति कुम्भकर्णजस्तै सुत्न सकेको ? छोरी चेलीको आहुती पर्खिन्छौ ? सुरक्षाको कदम चाल्न ढिलो भयो सरकार । न्याय चाहियो सरकार । हत्यारा अपराधी १८ वर्षभन्दा माथि होस् वा मुनि । तर, न्यायको बहस गर्दा अपराधीको उमेर मात्र होइन, पीडितको उमेर, अवस्था र उसमाथि भएको अमानवीय अत्याचारको गम्भीरता पनि हेरिनुपर्छ, निर्दोष बालबालिकामाथि हुने बलात्कार र निर्मम हत्याजस्तो जघन्य अपराधमा राज्य कुनै पनि हालतमा उदार बन्नु हुँदैन । यस्ता अपराधमा कठोरतम कानुनी कारबाही र प्रभावकारी न्याय सुनिश्चित हुनुपर्छ । यस्ता जघन्य अपराधमा अपराधीको सर्वस्वहरणसहित फाँसीको व्यवस्था हुनैपर्छ, ताकि पीडितले न्याय पाऊन् र अपराधीलाई कानुनको भय होस् ।

अब त यस्ता घटनाले पराकाष्ठा नाघिसकेको छ । भारत पाकिस्तानमा यस्ता घटनाहरू धेरै घटेको सुनिन्थ्यो । आजकाल नेपालमा पनि यस्तै घटनाहरू धेरै घट्न थाले; आफ्ना छरछिमेक वोल्लो घर पल्लो घर त्यो केटाकेटीहरू गएर खेल्छन्, बस्छन् तर समाजमा यस्ता आपराधिक मानसिकता बोकेका नरपिसाच राक्षसहरू भएपछि कहाँ सुरक्षित हुन्छन् ? कोही आफ्नै बाबु बलात्कारी, कोही आफ्नै हजुरबाबु बलात्कारी, कोही आफ्नै मामा बलात्कारी, कोही काका बलात्कारी, कोही आफ्नै सहोदर दाजु । पीडितको नाम सबैले लिन्छन् तर, अपराधीलाई समातिँदैन, समाती हाले पनि माक्स्क लगाएर आधा अनुहार मात्र देखाइन्छ, नाबालिक बालिकाको ह्त्यारा पनि नारीबाटै जन्म भएको भन्ने विचार किन आएन, नरपिशाचलाई ?

कि त छोरी मान्छेको जन्मै हुन भएन, यस्तो सबै सहनका लागि किन छोरी मान्छेको जन्म हुनु नि ! अबका दिनमा लिङ्गको पहिचानपछि नै भ्रुण हत्या हुन बेर छैन । दुई रथमा एक रथको कमी भए संसार कसरी चल्छ ? छोरीकी आमाबुबा डर त्रासमा बाँच्नुपर्ने भएको छ, स्कूल, कलेज, अफिस, वैदेशिक रोजगारमा गएकी छोरी घर फर्कने हो या होइन चिन्ताको विषय छ ।

बलात्कारीलाई फाँसीको सजाय दियो भने यस्ता घटनाहरू कम हुँदै बन्द हुनेछन् । निर्मला पन्तको बलात्कारीलाई फाँसीको सजाय दिएको भए आज यति बच्चाहरू बलात्कार हुने नै थिएनन् । मिडिया र NGO मा यही बलात्कृत बालिका, किशोरीका नाम प्रचार भइरहनु इज्जतको धज्जी उदाएको देखिन्छ । अबको दिनमा बलात्कारीको नाम र फोटो सार्वजनिक हुनुपऱ्यो । पीडितलाई न्यायको लागि कडाभन्दा कडा सजाय सम्बन्धित निकायले यथाशीघ्र गर्नैपर्ने देखिन्छ ।

***पद्मा खयरगोली, सामाजिक अभियन्ता***

# पश्चिमी गुप्तचरहरूले अघि सारेका युक्रेनी राष्ट्रपति जेलेन्स्की

✍ जेरेमी कुजमारोभ

२०२० अक्टोबरमा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की लन्डन भ्रमणमा गए । त्यहाँ उनले बेलायती गुप्तचर निकाय एमआई-६ का प्रमुख सर रिचर्ड मूरलाई भेटे ।

कूटनीतिक मर्यादाअनुसार विदेश भ्रमणमा रहने कुनै पनि राष्ट्रप्रमुखले आफ्ना समकक्षीलाई भेट्नुपर्छ । तिनताका बेलायतका प्रधानमन्त्री बोरिस जोनसन थिए ।

आन्द्रेइ मिशिन युक्रेनी विदेश मन्त्रालयका पूर्वअधिकारी हुन् । जेलेन्स्कीले मूरलाई भेट्नुको अर्थ उनी पेशेवर गुप्तचर एजेन्ट हुन्, मूर उनका प्रत्यक्ष निर्देशक हुन् र जेलेन्स्कीले सिधै मूरबाट आदेश लिन्छन् भन्ने अर्थ दिएको मिशिनले बताए ।

युक्रेनमा विशेष सैन्य कारबाही सुरु भएयता जेलेन्स्की युक्रेनी सेनाको नभई बेलायती सुरक्षाकर्मीहरूको घेरामा बस्छन् । यी सुरक्षाकर्मीको पोशाकको पछाडिपट्टि युक्रेनी झन्डाको बुट्टा कुँदिएका फोटोहरू बाहिरिएका छन् । युक्रेनमा सामान्यतया यस्तो पोशाक लगाउनु आत्मघाती मानिन्छ ।

२०२३ को मे महिनामा जेलेन्स्की भ्याटिकन भ्रमणमा थिए । जेलेन्स्कीले पोप फ्रान्सिसलाई सैतानको तस्बिर दिएर अपमानित गरे । पोपलाई भेट्दा जेलेन्स्कीको सर्टमा ओयूएनको चिह्न थियो । ओयूएनले दोस्रो विश्वयुद्धताका सोभियत सङ्घविरुद्ध हिटलरको सेनालाई सहयोग गरेको थियो । भ्याटिकनमा बस्दासम्म जेलेन्स्कीले धेरै समय बेलायती बिशप पाउल गालाघरसँग बिताए । त्यो भेटघाटमा रिचर्ड मूरले जेलेन्स्कीको साथ छोडेनन् ।

**एजेन्ट जेलेन्स्की**

स्कट रिटर राष्ट्रसङ्घका पूर्व हतियार निरीक्षक हुन् । हालै उनले एउटा वृत्तचित्र बनाएका छन् - एजेन्ट जेलेन्स्की । यसमा मूर र एमआई-६ सँग जेलेन्स्कीको सम्बन्धलाई खुलस्त पारिएको छ ।

वृत्तचित्रको पहिलो भागमा जे माइकल स्प्रिङमनसँग अन्तर्वार्ता लिइएको छ । उनी साउदी अरबको रियादमा रहेको अमेरिकी दूतावासका पूर्वअधिकारी हुन् । उनले युक्रेनमा जेलेन्स्की सत्तारुढ हुनु ‘पश्चिमी गुप्तचर निकायहरूले ध्यानपूर्वक तयार पारेको अपरेसन’ को नतिजा हो भने ।

२०१९ अप्रिलको निर्वाचनमा विजयी भएपछि जेलेन्स्कीले रुससँग युद्धको झिल्को बालेर र युक्रेनीहरूलाई विपक्षी गोलीको शिकार बनाएर पश्चिमको प्रभावकारी सेवा गरेका छन् । पश्चिमा साम्राज्यवादी देशहरू रुसको अर्थतन्त्र र सरकारलाई कमजोर पार्न भियतनाम शैलीकै दृश्य दोहोऱ्याउन चाहन्थे । जेलेन्स्कीले त्यो चाहना पूरा गरिदिए ।

पश्चिमको एजेन्टको रूपमा जेलेन्स्कीले तीन काम गरेका छन् । एक, उनले रुसीहरूलाई विभेद गर्ने कानुनहरू ल्याए । दुई, युक्रेनी भूमि विदेशीहरूले पनि किन्न सक्ने प्रावधान ल्याए । तत्कालीन तीन, युक्रेनी अर्थ नीतिलाई वालस्ट्रीटको वित्तीय शाखा ब्ल्याकरकको इसारामा चल्ने बताए ।

रिटर भन्छन्, जेलेन्स्कीले युक्रेनलाई संरा अमेरिका र पश्चिमी देशहरूको नयाँ हतियारहरूको ‘प्रयोगशाला’ मा फेरे । युक्रेनलाई नवनाजी लडाकुहरूको मैदान बनाए । सेनासँग सम्बन्धित जैविक प्रयोगशालामा भएका अनुसन्धानको परीक्षणस्थल बनाए । अमेरिकी विदेश मन्त्रालयकी भिक्टोरिया नुल्यान्डले नै यस्ता प्रयोगशाला बनाइएको स्वीकारिसकेकी छिन् ।

‘न्युजविक’ पत्रिकामा हालै एउटा लेख छापियो । त्यसमा केही तथ्य उजागर गरिएको छ । त्यसमा सीआईएले मध्य र पूर्वी युरोप हुँदै व्यापारिक विमानको प्रयोग गर्दै युक्रेनमा हतियार पैठारी गरेको बताइएको थियो । सीआईएले युक्रेनमा गुप्त मिसनमार्फत अधिकारीहरू पठाएको र युक्रेनलाई नयाँ हतियार दिलाएको पनि लेखमा उल्लेख थियो । युक्रेनमा गतिविधि गर्न सीआईएले पोल्यान्डलाई भूमिगत गतिविधिको अड्डा बनाएको छ । (अहिले युक्रेनलाई खुलम खुला खेपका खेप हतियार पुऱ्याइरहेका छन् ।)

सीआईएले युक्रेनी गुप्तचर सेवा (एसबीयू) सँग नजिक रहेर काम गर्दै छ । जेलेन्स्कीले देशका १२ राजनीतिक दलमाथि प्रतिबन्ध लगाएपछि तिनको चलखेल बढेको छ । जेलेन्स्कीका विपक्षीहरूलाई जेलमा थुन्ने, यातना दिने र कहिलेकाहीँ हत्या गर्ने अभियानमा सीआईए एसबीयूसँगसँगै सक्रिय छ ।

सोभियत सङ्घको विघटनपछि अमेरिका र बेलायतले युक्रेनलाई रुसलाई कुट्ने र कमजोर पार्ने हतियार बनाउँदै आएका छन् । युक्रेनलाई मध्य एसियामा पश्चिमा शक्तिको जाल बिछ्याउने माध्यम बनाउँदै आएका छन् । किनभने, मध्य एसियामाथि नियन्त्रण जमाए विश्वमाथि प्रभुत्व जमाउन सकिन्छ भन्ने विचार धेरै पुरानो हो ।

मिन्स्क सम्झौतामा डोनबासलाई विशेष स्थान दिएर युक्रेन-रुस द्वन्द्व मत्थर पार्ने सहमति बनेको थियो । शान्तिवार्तामा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले मिन्स्क सम्झौता पालन गर्न सहमति जनाएका थिए । यो सुनेर जेलेन्स्की हाँसेका थिए ।

त्यसबेलादेखि नै जेलेन्स्कीले आफ्नो अहङ्कार देखाउँदै आएका हुन् । उनले रुसविरुद्ध प्रयोग गर्न लगातार पश्चिमी पुँजीसँग झन्झन् बढी हतियार मागे । जसले गर्दा युक्रेनका दसौँ हजार देशवासीहरू मारिएका र घाइते भएका छन् ।

**जनसेवक**

रिटरको फिल्ममा जेलेन्स्कीलाई सत्तामा ल्याउन तयार पारिएका उम्मेदवार हुन् भनेर जोड दिइएको छ । उनको सत्तारोहणको कथा पश्चिमी देशका शक्तिशाली व्यक्तिहरूले लेखेका थिए । हलिउडको पटकथा लेखेजस्तै जेलेन्स्कीको उदयकथा पश्चिमी धनाढ्यहरूले लेखेका थिए ।

सन् २०१५ देखि २०१९ सम्म जेलेन्स्कीले युक्रेनी टेलिभिजन च्यानलमा ‘जनसेवक’ नाउँमा नाटक खेलेका थिए । नाटकमा उनी भासिल पेत्रोभिच होलोबोरोद्का नामक एक स्कूले शिक्षक हुन्छन् । भ्रष्टाचारविरोधी उनको संवादका कारण उनको चर्चा चुलिन्छ र उनी युक्रेनका राष्ट्रपति बन्छन् ।

जेलेन्स्कीलाई मत दिँदा युक्रेनीहरूले होलोबोरोद्काकै नक्कललाई निर्वाचित गरेको ठाने । तर, त्यसबेला जनतालाई युक्रेनी धनाढ्य इहोर कोलोमोइस्कीसँगको जेलेन्स्कीको प्रगाढ सम्बन्धबारे थाहा थियो । इहोर कोलोमोइस्की युक्रेनको सबैभन्दा ठुलो तेल र ग्यास कम्पनी तथा बैङ्कका मालिक हुन् । आफ्ना काला कर्तुतहरू लुकाउन र जेल पर्नबाट बच्न उनले नै जेलेन्स्कीलाई सत्तासम्म पुऱ्याउन खर्च दिएका थिए ।

जेलेन्स्की कोलोमोइस्कीसँगै वित्तीय हिनामिनामा संलग्न थिए । पान्डोरा पेपर्सका दस्ताबेजहरू सार्वजनिक भएपछि मात्र उनीहरूको सम्बन्ध बाहिर आयो । जेलेन्स्कीले ४ करोड १० लाख डलर रकम कोलोमोइस्कीको स्वामित्वमा रहेका दुई विदेशी कम्पनीमा स्थानान्तरण




गर्न सघाएको ती दस्ताबेजले खुलासा गरे ।

बिदेसिएको यही रकमबाट जेलेन्स्कीले अमेरिकाको मायामी सहरमा ३ करोड ४० लाख डलर बराबरको भवन किन्न सके । त्यसबाटै उनले इजरायलमा आफ्ना अभिभावकको लागि समुद्री किनारमा घर किने । लन्डनमा शेर्लक होम्स सङ्ग्रहालयको सामुन्ने रहेको ३८ लाख डलर बराबरको घर किने । जर्जिया र क्रिमियाको समुद्री किनारमा रिजोर्टहरू किने ।

सन् २०१९ को चुनावी प्रचारका क्रममा जेलेन्स्कीले अमेरिकी जनसम्पर्क फर्म सिगनल ग्रुपलाई ७० हजार अमेरिकी डलर तिरे । ‘जनसेवक’ नाटकको पात्रकै छविमा आफ्नो प्रचारप्रसार गराउन उनले त्यो रकम तिरेका थिए ।

जेलेन्स्कीको प्रचार अभियानको व्यवस्थापन अमेरिकी जनसम्पर्कविद् एन्ड्र्यू म्याक, स्टेफन कुप्रिन र शाइ फ्राङ्कलिनले गरेका थिए । यीमध्ये कुफ्रि पूर्वअमेरिकी राष्ट्रपति ओबामाका भाषण लेखक थिए ।

जेलेन्स्कीको चुनावी अभियान र बाराक ओबामाको सन् २००८ को चुनावी अभियानमा धेरै कुरा समान छ । ओबामालाई पनि उनका प्रर्वद्धकहरूले सरकारको अक्षुण्णता पुनः स्थापित गर्ने बाहिरियाको रूपमा चित्रण गरेका थिए ।

जेलेन्स्कीजस्तै ओबामा पनि वास्तवमा खोक्रा ठग थिए । उनले आफ्नो पारिवारिक पृष्ठभूमि र अमेरिकी गुप्तचर निकायसँगको गहिरो साँठगाँठबारे झूट बोलेका थिए । आफ्ना चुनावी प्रतिबद्धतातिर ढाड फर्काएर ओबामाले बुशको आतङ्कवादविरोधी युद्धलाई निरन्तरता दिएका थिए र ठुला बैङ्क एवम् वित्तीय सङ्घसंस्थाप्रति बफादारी देखाएका थिए ।

चुनावी सभाहरूमा जेलेन्स्कीले पनि युक्रेनको भ्रष्टाचारविरुद्ध लड्ने प्रतिबद्धता जनाएका थिए । तर, उनको सरकारले कोभिडको राहत र क्यान्सर अनुसन्धान कोषको पैसा विशाल सडक निर्माणमा खेर फाल्यो । उनको चुनावी प्रतिबद्धता खोक्रो साबित भयो ।

मिकोला अजारोभ युक्रेनका पूर्वप्रधानमन्त्री हुन् । उनले भने, “पोरोशेन्कोको पालामा व्यवस्थित भ्रष्टाचारको जस्तो बिगबिगी थियो, त्यो हेर्दा भ्रष्टाचार त्योभन्दा बिद्रुप नहोला भन्ने लाग्थ्यो । तर, जेलेन्स्कीले पोरोशेन्कोलाई पनि उछिने । अहिलेको सरकारको कुनै स्तर नै छैन । यो सरकार कुनै नियममा बाँधिएको छैन ।” पोरोशेन्को जेलेन्स्कीअघिका युक्रेनी राष्ट्रपति थिए ।

सन् २०१९ को चुनावी अभियानमा जेलेन्स्कीले डोनबासमा युद्धविराम गर्ने वाचा गरेका थिए । सन् २०१४ को मैदान विद्रोहपछि लगातार पाँच वर्षसम्म डोनबासमा युद्ध चलिरहेको थियो । तर, जेलेन्स्कीले युद्धविराम गर्ने वचन पनि तोडे र युद्ध भड्काए । रुसविरुद्ध खनिँदै गर्दा उनले युक्रेनलाई नेटोको सदस्य बनाउनमा ठुलो चासो लिए ।




रिटरको भनाइमा युक्रेनको राष्ट्रपतिको रूपमा जेलेन्स्कीको कार्यकाल संरा अमेरिका र बेलायतको दशक लामो योजनाकै उपलब्धि हो । युक्रेनलाई रुसविरोधी समाजमा ढाल्ने उनीहरूकै योजनाअनुसार जेलेन्स्की सत्तामा आएका हुन् । त्यस्तो समाजलाई रुसलाई कमजोर बनाउँदै लगेर धुजाधुजा पार्ने हतियार बनाउन सकिने अमेरिका र बेलायतले ठानेका थिए ।

‘एजेन्ट जेलेन्स्की’ मा भिक्टोरिया नुल्यान्डले फुइँ झार्दै सोभियत सङ्घको विघटनपछि अमेरिकाले युक्रेनमा ५ अर्ब डलर खर्च गरिसकेको दृश्य पनि देखाइएको छ । सो वृत्तचित्रमा राष्ट्रपति भिक्टर युश्चेन्कोको कार्यकालबारे सानो चर्चा छ । अमेरिकाकै आडमा रङ्गीन प्रतिक्रान्तिबाट युश्चेन्को सत्तामा आएका थिए । अमेरिकी महिला क्याटेरिनाले फकाएर उनलाई सत्तामा ल्याएकी थिइन् । क्याटेरिना युश्चेन्कोकी पत्नी हुन् ।

युश्चेन्कोको कार्यकालमा भएको सबैभन्दा महत्त्वपूर्ण निर्णय युक्रेनी राष्ट्रवादीहरूको सङ्गठन (ओयूएन) लाई पुनः स्थापित गर्नु थियो । यो सङ्गठनले दोस्रो विश्वयुद्धताका सोभियत सङ्घविरुद्ध लड्दै नाजीहरूसँग साँठगाँठ गरेको थियो । युद्धपछि यसलाई सीआईएले सहयोग गरेको थियो ।

युश्चेन्कोले फासीवादका सहयोगी स्तेपान बान्देरा र रोमान शुहेभिचलाई राष्ट्रिय विभूति घोषणा गरे । यी दुई ‘राष्ट्रवादी’ र फासीवादी नेताको प्रशंसा जेलेन्स्कीले पनि गरेका छन् ।

सन् २०१० को चुनावमा भिक्टर यानुकोभिचले युश्चेन्कोलाई हराए । उनले रुससँग सम्बन्ध सुमधुर बनाए । बान्देरा र शुहेभिचलाई राष्ट्रिय विभूतिबाट हटाएका थिए ।

यसले गर्दा संरा अमेरिकाले यानुकोभिचलाई तारो बनाउने र सत्ताच्युत गर्ने योजना बनायो । त्यही भएर सन् २०१४ मा मैदान विद्रोह भयो र पूर्वी युक्रेनमा युद्ध सुरु भयो । आफ्नो स्वायत्तता घोषणा गरेबापत दोनेत्स्क र लुहान्स्क प्रान्तलाई युक्रेनले दण्ड दियो ।

सत्ताविद्रोहपछि बनेको सरकारले क्रूरताको हद नाघ्यो । उसले विरोधको एक वचन सुन्न मानेन । त्यस्तो स्वरलाई उसले हिंसात्मक ढङ्गले दबायो । ओडेसामा उसले मजदुर युनियनका अभियन्ताहरूको सामूहिक हत्या गऱ्यो । सो हत्याकाण्डको विषयमा जेलेन्स्कीले त्यसबेला चुँ बोलेनन् ।

रिटरले अर्को महत्त्वपूर्ण कुरा खोलेका छन् । सन् २०१४ को मैदान विद्रोहयता युक्रेनका धेरै राजनीतिक र सैनिक नेताले जर्ज सी मार्शल युरोपेली सुरक्षा अध्ययन संस्थानबाट तालिम लिँदै आएका छन् । सोही संस्थानले तिनमा रुसविरोधी दृष्टिकोण भरेको रिटरको बुझाइ छ ।

‘एसबीयू’ सीआईएकै हाँगा बन्न पुगेको छ । एसबीयूको कार्यालय भवनमा सीआईएको लागि अलग्गै तला छुट्याइएको छ ।

बेलायतको एमआई-६ सँग मिलेर सीआईएले पश्चिमी जनताबिच जेलेन्स्कीलाई नायकको रूपमा प्रचार गर्दै छ । भोग पत्रिकाको आवरण पृष्ठमा जेलेन्स्की र उनकी पत्नी ओलेनाको तस्बीर राखेर उनीहरूले त्यो नायकको छवि व्यवस्थापन गरेका थिए ।

रिटरको भनाइमा सीआईए र एमआई-६ ले जेलेन्स्कीलाई सघाउन बुचा हत्याकाण्डको नाटकीय आयोजना गरेका थिए । पश्चिमी मिडियामा रुसी सेनाले बुचामा नरसंहार मच्चाएको हल्ला पिटियो । तर, त्यो हत्या युक्रेनकै नवनाजी सङ्गठन एजोभ बटालियनले गरेको प्रमाणहरूबाट खुल्छ ।

बुचा घटना जेलेन्स्कीको राजनीतिक सत्ता चिनाउने गतिलो प्रतीक हो । बुचा हत्याकाण्ड एउटा दृष्टिदोष थियो । सर्वसाधारणलाई जेलेन्स्कीको कृत्रिम ‘जनसेवक’ को छविमाथि आँखा चिम्लेर विश्वास गर्ने बनाइएको छ । जब कि वास्तविक जेलेन्स्की प्रचारका भोका सामाजिक परजीवी हुन् । उनले विदेशी शक्तिहरूको खुसामद गर्न आफ्नै जनतालाई नर्कको अग्निकुण्डमा धकेले ।

*(एमआर अनलाइनबाट)*

*अनुवाद : सम्यक*



प्रजग (उत्तर) कोरियासितको सिमानानजिकै रहेको योन्चेन नदीमा प्रजग कोरिया लक्षित युद्ध अभ्यासको क्रममा तैरिने पुल बनाउने र बिगार्ने अभ्यास गर्दै अमेरिकी र दक्षिण कोरियाली सेना अगस्ट १९, २०२६ को दिन । चालू युद्ध अभ्यासको कारण कोरियाली प्राय:द्वीप सम्भावित युद्धको तनावमा रहेको छ ।

*तस्बिर : एपी /आन योङ जुन*

# आलमगीर राष्ट्रपति बन्ने सम्भावना

ढाका, ४ भदौ (एएफपी) । बङ्गलादेशको संसद्ले बिहीबार नयाँ राष्ट्रपति चयन गर्दैछ । सत्तारूढ बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का महासचिव तथा स्थानीय सरकारमन्त्री मिर्जा फखरूल इस्लाम आलमगीर पाँच वर्षे कार्यकालका लागि देशको २३ औँ राष्ट्रपति बन्ने सम्भावना छ ।

अठहत्तर वर्षीय आलमगीरले १७ करोड जनसङ्ख्या भएको बङ्गलादेशको राष्ट्रपतिका लागि दिउँसो हुने मतदानमा सहज विजय हासिल गर्ने अपेक्षा गरिएको छ । उहाँले मङ्गलबार आफूले राष्ट्रपतिको जिम्मेवारी पाउने कहिल्यै नसोचेको बताउँदै यसलाई पार्टी र सर्वशक्तिमान् अल्लाहको कृपाका रूपमा लिनुभएको थियो ।

उहाँले राष्ट्रपति बनेपछि पनि जनताको साथमा रहेर सेवा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

सन् २०२४ को जनआन्दोलनबाट तत्कालीन प्रधानमन्त्री शेख हसिनाको सरकार अपदस्थ भएपछि भएको पहिलो आमनिर्वाचनमा प्रधानमन्त्री तारिक रहमान नेतृत्वको बिएनपीले गत फेब्रुअरीमा ठुलो विजय हासिल गरेको थियो । त्यसपछि हसिनाका निकट सहयोगीका रूपमा चिनिनुभएका पूर्वराष्ट्रपति मोहम्मद साहाबुद्दिनले पदबाट राजीनामा दिएपछि नयाँ राष्ट्रपति चयन गर्न लागिएको हो ।

छयत्तर वर्षीय साहाबुद्दिनले खराब स्वास्थ्यलाई कारण देखाउँदै जुलाईमा राजीनामा दिनुभएको थियो । उहाँ सन् २०२३ मा राष्ट्रपतिमा निर्वाचित हुनुभएको थियो र सन् २०२८ को अन्त्यसम्म कार्यकाल बाँकी थियो ।

हसिना अहिले भारतमा बस्दै आउनुभएको छ । उहाँले ढाकामा आफूविरुद्ध चलेको मुद्दामा उपस्थित हुन अस्वीकार गर्नुभएको थियो । गत नोभेम्बरमा अदालतले उहाँलाई मानवताविरुद्धको अपराधमा दोषी ठहर गर्दै मृत्युदण्डको फैसला सुनाएको थियो । अधिकारवादी संस्थाहरूले हसिना नेतृत्वको सरकारमाथि विपक्षीको हत्या, राजनीतिक दमन, न्यायिक प्रक्रियामा हस्तक्षेप र एकतर्फी निर्वाचनलगायतका आरोप लगाउँदै आएका थिए ।

आलमगीरको प्रतिस्पर्धा जमात-ए-इस्लामीको नेतृत्वमा रहेको ११ दलीय विपक्षी गठबन्धनका तर्फबाट उम्मेदवार बन्नुभएका ओली अहमदसँग हुँदैछ । संाद्मा मतदान स्थानीय समयअनुसार दिउँसो करिब २ बजे सुरु हुने अपेक्षा गरिएको छ ।

**लामो राजनीतिक यात्रा**

२६ जनवरी १९४८ मा जन्मिनुभएका आलमगीरले ढाका विश्वविद्यालयमा अर्थशास्त्र अध्ययन गर्ने क्रममा विद्यार्थी राजनीतिबाट राजनीतिक यात्रा सुरु गर्नुभएको थियो । सन् १९६९ मा पाकिस्तानको सैन्य शासनविरुद्ध भएको आन्दोलनमा उहाँ प्रमुख विद्यार्थी नेतामध्ये एक हुनुहुन्थ्यो । उक्त आन्दोलन सन् १९७१ मा बङ्गलादेश स्वतन्त्र हुने दिशाको महत्त्वपूर्ण आधार बनेको थियो ।

अर्थशास्त्र अध्यापनपछि उहाँ सरकारी सेवामा प्रवेश गर्नुभयो । त्यसपछि कृषि, उड्डयन तथा पर्यटनमन्त्रीलगायत विभिन्न जिम्मेवारी सम्हाल्दै सक्रिय राजनीतिमा प्रवेश गर्नुभयो ।

हसिनाको लामो शासनकालमा उहाँ प्रमुख विपक्षी नेताका रूपमा स्थापित हुनुभएको थियो । त्यतिबेला बिएनपी अध्यक्ष खालिदा जिया जेलमा हुनुहुन्थ्यो भने उहाँका छोरा तारिक रहमान निर्वासनमा हुनुहुन्थ्यो । राजनीतिक प्रतिशोधबाट प्रेरित आरोप भन्दै आलमगीरलाई हसिना सरकारका पालामा पटकपटक पक्राउ गरिएको थियो ।

बिएसएसका अनुसार कठिन राजनीतिक परिस्थितिमा बिएनपीलाई सङ्गठित राख्न र पार्टीको राजनीतिक उपस्थिति कायम राख्न आलमगीरले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो ।

आलमगीरको विवाह सेवानिवृत्त वित्तीय अधिकारी राहत आरा बेगमसँग भएको छ । उहाँहरूका दुई छोरी छन् ।

# अमेरिकी ऋण ४०० खर्ब डलर नाघ्यो

वासिङ्टन, ४ भदौ (एएफपी) । अमेरिकी कुल राष्ट्रिय ऋण पहिलोपटक ४०० खर्ब अमेरिकी डलर नाघेको छ । अमेरिकी अर्थ मन्त्रालयले बुधबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार मङ्गलबार कारोबार समाप्त हुँदा सङ्घीय सरकारको कुल ऋण ४०० खर्ब ५० अर्ब डलर पुगेको हो । बढ्दो सरकारी खर्च, ऋणको ब्याज तथा मध्यपूर्वमा जारी युद्धका कारण अमेरिकी ऋण नयाँ कीर्तिमानमा पुगेको हो ।

यो रकम कङ्ग्रेसनल बजेट कार्यालयले आर्थिक वर्ष २०२६ को अन्त्यसम्म कुल ऋण ३९४ खर्ब डलर पुग्ने गरेको पूर्वानुमानभन्दा समेत बढी हो । ऋण तीव्र रूपमा बढेपछि मुद्रास्फीति, सरकारी खर्च र बढ्दो ब्याज लागतप्रति लगानीकर्ताको चिन्ता थपिएको छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२४ को निर्वाचन अभियानका क्रममा सरकारी खर्च घटाउने प्रतिबद्धता जनाएका थिए । तर सामाजिक सुरक्षा र स्वास्थ्य सेवासम्बन्धी दीर्घकालीन दायित्व, ब्याज भुक्तानी तथा रक्षा खर्च उच्च रहेकाले सरकारी ऋण घट्न सकेको छैन । मध्यपूर्वमा जारी युद्धले समेत सरकारमाथि थप आर्थिक दबाब सिर्जना गरेको छ । युद्धमा हालसम्म १८ अमेरिकी सैनिकको मृत्यु भएको र करिब तीन खर्ब ७५ अर्ब डलर सैन्य खर्च भइसकेको जनाइएको छ ।

यसैबिच, अमेरिकी प्रतिनिधिसभाले जुलाईमा पेन्टागनका लागि ११ खर्ब ५० अर्ब डलरसम्मको रक्षा बजेट व्यवस्था गर्न सकिने वार्षिक रक्षा नीति विधेयक पारित गरेको थियो । सरकारी खर्च घटाउने उद्देश्यले ट्रम्प प्रशासनले गठन गरेको सरकारी दक्षता विभागले दुई खर्ब १५ अर्ब डलर खर्च कटौती गरेको दाबी गरेको छ । तर स्वतन्त्र पर्यवेक्षकहरूले उक्त तथ्याङ्कमाथि प्रश्न उठाएका छन् ।

ऋण ४०० खर्ब डलर नाघेपछि दुवै प्रमुख राजनीतिक दलका सांसदले सरकारको बढ्दो खर्चप्रति चिन्ता व्यक्त गरेका छन् । रिपब्लिकन सिनेटर रिक स्कटले खर्च नियन्त्रण गरी बजेट सन्तुलित बनाउन कङ्ग्रेसलाई आग्रह गर्नुभएको छ भने डेमोक्रेटिक सांसदहरूले पनि ट्रम्प प्रशासनको आर्थिक नीतिको आलोचना गरेका छन् ।

बढ्दो ऋण र युद्ध खर्चका कारण दीर्घकालीन अमेरिकी सरकारी ऋणपत्रको प्रतिफलसमेत बढेको छ । १० वर्षभन्दा लामो अवधिका ट्रेजरी बन्डको प्रतिफल मङ्गलबार सन् २००७ यताकै उच्च तहमा पुगेको थियो । यसले अमेरिकी सरकारले विगतको तुलनामा महँगो दरमा ऋण पुनर्वित्त गर्नुपर्ने जोखिम बढाएको छ ।

ब्रुकिङ्स इन्स्टिच्युसनकी बजेट तथा कर विज्ञ जेसिका रिडलले अमेरिकी सरकार केही वर्षयता आर्थिक समृद्धिको अवस्थामासमेत करिब २० खर्ब डलर वार्षिक घाटामा रहेको बताउनुभएको छ । उहाँका अनुसार कुल गार्हस्थ्य उत्पादनको तीनदेखि चार प्रतिशत आसपास रहेको बजेट घाटा अहिले छदेखि सात प्रतिशतको नजिक पुगेकाले वित्तीय बजारमा चिन्ता बढेको छ ।

विश्लेषकहरूका अनुसार ४०० खर्ब डलरको ऋण आफैँमा आर्थिक सङ्कटको निश्चित सूचक नभए पनि यो वित्तीय बजारका लागि महत्त्वपूर्ण मनोवैज्ञानिक सीमा हो । अत्यधिक ऋणले भविष्यमा अमेरिकी सरकारसँगै उपभोक्ता र व्यवसायका लागि समेत ऋणको लागत बढाउन सक्ने तथा आर्थिक वृद्धिमा दबाब पार्न सक्ने उनीहरूको भनाइ छ ।

अमेरिकी अर्थ मन्त्रालयले सङ्घीय बजेट घाटालाई कुल गार्हस्थ्य उत्पादनको करिब तीन प्रतिशतमा झार्ने लक्ष्य अघि सारेको छ । तर बढ्दो रक्षा खर्च, सामाजिक दायित्व र ऋणको ब्याज भुक्तानीका कारण उक्त लक्ष्य हासिल गर्नु चुनौतीपूर्ण देखिएको छ ।

# अमेरिकी दबाबले इरानलाई झुकाउन नसक्ने

तेहरान, ४ भदौ (एएफपी) । इरानका विदेशमन्त्री अब्बास अराघचीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि थप आर्थिक दबाब बढाउने घोषणा गरेको विषयलाई असफल नीतिको निरन्तरता भन्दै आलोचना गर्नुभएको छ । उहाँले अमेरिकी दबाबले इरानलाई झुकाउन नसक्ने र यसबाट वासिङ्टनले थप पराजय भोग्ने दाबी गर्नुभएको छ ।



अराघचीले सामाजिक सञ्जाल एक्समा अमेरिकी कदमलाई अभूतपूर्व ऋण र बढ्दो ब्याज लागतको सामना गरिरहेको अमेरिकाको आफ्नै आर्थिक सङ्कटबाट ध्यान मोड्ने प्रयासका रूपमा व्याख्या गर्नुभयो । उहाँले अमेरिकी आर्थिक प्रतिबन्धले विश्व अर्थतन्त्र र राष्ट्रहरूको सार्वभौमसत्तासमेत जोखिममा पार्ने बताउनुभयो ।

यसअघि राष्ट्रपति ट्रम्पले ट्रुथ सोसलमार्फत इरानविरुद्ध अहिलेसम्मकै कडा आर्थिक कारबाही घोषणा गर्न लागेको बताएका थिए । उनले इरानलाई आर्थिक वा अन्य कुनै प्रकारको सहयोग उपलब्ध गराउने वित्तीय संस्था, व्यवसाय, विमानस्थल तथा सरकारी निकायले समेत गम्भीर आर्थिक परिणाम भोग्नुपर्ने चेतावनी दिएका थिए ।

फेब्रुअरी २८ मा अमेरिका-इजरायलको आक्रमणपछि इरान र अमेरिकाबिच युद्ध सुरु भएको थियो । अप्रिल ८ को युद्धविरामपछि व्यापक बमबारी रोकिए पनि महत्त्वपूर्ण ऊर्जा मार्ग हर्मुज जलडमरु आसपास तनाव जारी रहेको जनाइएको छ । इरानले आफ्ना बन्दरगाहमाथिको नाकाबन्दी हटाउनुका साथै तेल प्रतिबन्ध फुकुवा र विदेशमा रोक्का गरिएका सम्पत्ति खुला नगरेसम्म जलमार्ग बन्द राख्ने अडान लिँदै आएको छ ।

संरा अमेरिकाले लामो समयदेखि इरानमाथि ‘अधिकतम दबाब’ को आर्थिक प्रतिबन्ध नीति अपनाउँदै आएको छ । उहाँले जनवरी २०२५ मा दोस्रो कार्यकाल सम्हालेपछि उक्त नीति पुन: लागू गर्नुभएको थियो । इरानले भने प्रतिबन्ध र धम्कीबाट आफ्नो नीति परिवर्तन नहुने बताउँदै अमेरिकी दबाब अभियानलाई असफल नीति भन्दै आएको छ ।

# सुरक्षा परिषद् सुधार्न भारतको माग

न्युयोर्क, ४ भदौ (एएनआई) । भारतले संयुक्त राष्ट्र सुरक्षा परिषद् (युएनएससी) को वर्तमान संरचनाले बदलिँदो विश्वको राजनीतिक तथा भूराजनीतिक वास्तविकता प्रतिबिम्बित गर्न नसकेको भन्दै तत्काल सुधार गरी विकासोन्मुख मुलुक र ग्लोबल साउथको प्रतिनिधित्व बढाउन माग गरेको छ ।

सुरक्षा परिषद्को कार्यविधिसम्बन्धी खुला बहसलाई बुधबार सम्बोधन गर्दै संयुक्त राष्ट्रसङ्घका लागि भारतको स्थायी नियोगकी कार्यवाहक राजदूत योजना पटेलले सन् १९४५ यता विश्वमा ठुलो परिवर्तन आएको र संयुक्त राष्ट्रसङ्घको सदस्य सङ्ख्या चार गुणाले बढिसकेको बताउनुभयो । असी वर्षअघि बनेको संरचनाले वर्तमान विश्वको शक्ति सन्तुलन र आवश्यकतालाई निरन्तर निर्धारण गर्न नसक्ने उहाँको भनाइ थियो ।

पटेलले सुरक्षा परिषद्को स्थायी र गैरस्थायी दुवै सदस्यतामा विकासोन्मुख देश तथा ग्लोबल साउथको प्रतिनिधित्व बढाउनुपर्ने भारतको धारणा दोहोऱ्याउनुभयो । स्पष्ट लक्ष्य, माइलस्टोन र समयसीमासहित पाठमा आधारित वार्ताबाट सुधार अघि बढाउनुपर्ने उहाँले बताउनुभयो ।

उहाँले सुरक्षा परिषद्को कार्यविधि सुधारलाई सदस्यता विस्तार, क्षेत्रीय प्रतिनिधित्व र भिटो अधिकारजस्ता व्यापक सुधारबाट अलग राख्न नहुने बताउनुभयो । परिषद्का प्रक्रियागत नियमहरू अस्थायी प्रकृतिका भएकाले आवश्यकताअनुसार संशोधन गर्न सकिने र तिनलाई सदस्यता विस्तारलगायत सुधारका लागि अवरोधका रूपमा प्रस्तुत गर्न नहुने उहाँको भनाइ थियो ।

भारतले परिषद्मा पारदर्शिता बढाउन सबै सदस्यलाई कागजात तथा सूचनामा समान पहुँच दिनुपर्ने माग गरेको छ । ऐतिहासिक दस्तावेजमा पहुँच केही सदस्यको मात्र अधिकारका रूपमा सीमित गर्न नहुने पटेलले बताउनुभयो ।

शान्तिरक्षा अभियानमा सेना तथा प्रहरी पठाउने देशहरूलाई पनि जनादेश र स्रोतसाधनसँग सम्बन्धित प्रमुख निर्णय प्रक्रियामा सहभागी गराउनुपर्ने भारतको धारणा छ । ती देशहरू सुरक्षा परिषद्का सदस्य नभए पनि शान्तिरक्षा अभियानका प्रत्यक्ष सरोकारवाला भएकाले निर्णय प्रक्रियामा उनीहरूको भूमिका आवश्यक रहेको पटेलले बताउनुभयो ।

भारतले सुरक्षा परिषद्का सहायक निकायका अध्यक्ष चयनमा हुने ढिलाइ अन्त्य गर्न निश्चित समयसीमा तोक्न पनि आग्रह गरेको छ । यसका लागि अध्यक्ष चयन प्रक्रियालाई समयबद्ध बनाउन नोट ५०७ संशोधन गर्नुपर्ने उहाँले बताउनुभयो ।

आतङ्कवादको विषयमा परिषद्को सदस्यतालाई राजनीतिक स्वार्थ पूरा गर्ने माध्यम बनाउन नहुने पटेलले स्पष्ट पार्नुभयो । वस्तुगत मापदण्ड र प्रमाणबिना आतङ्कवादीलाई प्रतिबन्धको सूचीबाट हटाउने वा राजनीतिक आधारमा कुनै संस्थालाई आतङ्कवादी सङ्गठनका रूपमा सूचीबद्ध गर्ने प्रयासमा परिषद्को भूमिका प्रयोग गर्न नहुने उहाँको भनाइ थियो ।

पटेलले सुरक्षा परिषद् र संयुक्त राष्ट्र महासभाबिच समन्वय बलियो बनाउनुपर्नेमा पनि जोड दिनुभयो । महासभालाई संयुक्त राष्ट्रसङ्घको सबैभन्दा विश्वव्यापी र लोकतान्त्रिक अङ्गका रूपमा उल्लेख गर्दै परिषद्को कार्यविधि समीक्षा गरी महासभालगायत अन्य प्रमुख अङ्गसँग सहकार्य बढाउनुपर्ने उहाँले बताउनुभयो ।

# पहाडी क्षेत्रमा जलसञ्चय : स्थानीय विकासको आधार

● डा. चेतनाथ कणेल

नेपाल जलस्रोतमा धनी देश हो भन्ने कुरा हामीले पुस्तौँदेखि सुन्दै आएका छौँ तर पानीको स्रोत हुनु र आवश्यक परेका समयमा आवश्यक ठाउँमा पानी उपलब्ध हुनु एउटै कुरा होइन । पछिल्ला वर्षमा जलवायु परिवर्तनका कारण हाम्रो जलचक्रमा तीव्र परिवर्तन भइरहेको छ । बढ्दो तापक्रम, अनियमित वर्षा, लामो खडेरी, पानीका मुहान सुक्नेक्रम र हिमाली क्षेत्रमा समयमा हिउँ नपर्ने समस्याले नेपालका पहाडी तथा हिमाली बस्तीको भविष्यप्रति गम्भीर प्रश्न खडा गरेको छ । यस्तो अवस्थामा अब पानीको संरक्षण र जलसञ्चयलाई स्थानीय तहको विकासको एउटा प्रमुख आधार नबनाई सुखै छैन ।

जलवायु परिवर्तनका असर हामीले समाचारमा मात्र होइन, आफ्नै गाउँघर र वरिपरिको प्रकृतिमा देख्न थालेका छौँ । गर्मी बढ्दै गएको छ । पानीका परम्परागत मुहान सुक्दै छन् । वर्षायाममा पनि पानी पर्नेक्रम कतिपय ठाउँमा घटेको छ भने पानी पर्दा एकैपटक ठुलोमात्रामा पर्ने र त्यसपछि लामो समयसम्म पानी नपर्ने प्रवृत्ति बढिरहेको छ । एकातिर आकस्मिक बाढी र पहिरोको जोखिम बढेको छ भने अर्कोतिर लामो खडेरी र सुक्खाको समस्या गहिरिँदै गएको छ । हिउँले सेताम्मे हुनुपर्ने पहाड तथा हिमाली क्षेत्र पनि समयमा हिउँ नपर्दा वा कम हिउँपर्दा 'काला पहाड' मा परिणत हुँदै गएका दृश्य असामान्य लाग्न छाडेका छन् । समग्रमा जलवायुजन्य समस्या बर्सेनि थपिँदै गएको छ ।

यसको प्रत्यक्ष असर मानव जीवनमा परेको छ । पानीका मुहान सुक्दा बस्ती नै छोडेर अन्यत्र जानुपर्ने अवस्था सिर्जना भइरहेको छ । समयमा खेतीपाती लगाउन नपाउँदा उत्पादन घट्ने, खाद्य सङ्कट निम्तिने र अनिकाल तथा भोकमरीका दुःखद् कथा बढ्ने सम्भावना छ । पशुपालन, वनस्पति, वन्यजन्तु र समग्र जैविक प्रणाली अर्थात् पारिस्थितिकीय प्रणाली (इकोलोजिकल सिस्टम) पनि पानीको अभावबाट प्रभावित हुँदैछन् । त्यसैले जलवायु परिवर्तनसँग जुध्ने स्थानीय अनुकूलनको पहिलो आधारमध्ये पानी व्यवस्थापनलाई लिनुपर्छ भन्ने तर्क आजभोलि झन् प्रखर बन्दै गइरहेको छ ।

**जलसञ्चय अभियान**

हामीले अब बगेर खेर जाने पानीलाई सकेसम्म रोक्नुपर्छ । वर्षायाममा आउने पानीलाई हिउँदयामका लागि सञ्चित गर्नुपर्छ । यसको एउटा सरल, स्थानीय र व्यावहारिक उपाय पहाडी क्षेत्रमा कृत्रिम ताल, पोखरी, कुण्ड तथा साना जलाशय निर्माण गर्नु हो । यस्ता संरचनाले तत्काल खानेपानीको आवश्यकता पूरा गर्ने मात्र होइन, जमिनमा चिस्यान कायम राख्न, भुजल पुनर्भरण (रिचार्ज) गर्न, वनस्पति र घाँसे मैदानलाई हरियो राख्न तथा स्थानीय वातावरणलाई सन्तुलित बनाउन सहयोग पुऱ्याउँछन् ।

केही पालिकाहरूले यस दिशामा काम गरेर उदाहरण प्रस्तुत गरिसकेका छन् । तर, पोखरी निर्माण र जलस्रोत संरक्षणले अझै पनि स्थानीय तथा राष्ट्रिय विकासको अपेक्षित प्राथमिकता पाउन सकेको छैन । अब हरेक प्रदेश र पालिकाले आफ्नो भौगोलिक अवस्था, पानीको उपलब्धता र स्थानीय आवश्यकताका आधारमा जलसञ्चयको दीर्घकालीन योजना बनाउन आवश्यक छ । पोखरी संरक्षण, नयाँ पोखरी निर्माण, पुराना कुलो तथा धाराको पुनर्जीवन, सिमसार क्षेत्रको संरक्षण र वर्षाको पानी सङ्कलनलाई एउटै अभियानका रूपमा अघि बढाउनुपर्छ ।

म भर्खरै मुस्ताङबाट फर्केको छु । जोमसोम तथा मुक्तिनाथ वरिपरि ३६० डिग्रीमा फर्केर हेर्दा एउटा कुरा निकै स्पष्ट देखिन्छ मुस्ताङलाई 'सुक्खा जिल्ला' का रूपमा मात्र हेरेर बस्ने होइन, उपलब्ध पानी तथा चिस्यानलाई कसरी जोगाउने भन्ने सोच विकास गर्न सकियो भने त्यहाँका धेरै भूभागमा हरियाली विस्तार गर्न सकिन्छ । उदाहरणका लागि कागबेनीबाट पारिपट्टि हेर्दा एउटा स्थानमा सीमित मात्रामा भए पनि पानीको उपलब्धता र सम्भावना देखिन्छ । वर्षाका बेला त्यहाँ भल बग्छ, हिउँदमा केही हिउँ पनि पर्छ । त्यो पानी र हिउँलाई जोगाएर राख्ने पद्धति विकास गर्न सकियो भने अहिले देखिएको हरियालीको क्षेत्र र अवधि दुवै बढाउन सकिने सम्भावना देखिन्छ ।

कागबेनीपारिको त्यो स्थान एउटा सानो उदाहरण मात्र हो । मुक्तिनाथ जाने बाटोको 'सेल्फीडाँडा' वरिपरि, लुप्रा गाउँ जाने बाटोको तल रहेको पाण्डा खोली किनार तथा लुप्रामाथि मुक्तिनाथतर्फ पैदल जाने बाटोछेउका चरन क्षेत्र र सुन्दर पाटनमा पनि स्थानीय भूगोल अनुकूल कृत्रिम ताल वा कुण्ड निर्माणको सम्भावना खोज्न सकिन्छ । यस्ता जलाशय निर्माण गर्दा ठुलो र खर्चिलो आयोजना नै चाहिन्छ भन्ने छैन । स्थानीय सामग्री, श्रम र भूगोलको उपयोग गरेर साना-साना जलाशयहरूको सञ्जाल (वेटल्यान्ड नेटवर्क) बनाउन सकिन्छ । एउटै ठुलो पोखरीभन्दा ठाउँअनुसार बनाइएका धेरै साना पोखरीले पनि दीर्घकालीन रूपमा ठुलो योगदान दिन सक्छन् भन्ने कुरा भारतलगायत अन्य देशका उदाहरणहरूले देखाएका छन् ।

मुस्ताङको दृष्टान्तलाई अन्य पहाडी तथा हिमाली जिल्लामा पनि विस्तार गर्न सकिन्छ । जहाँ वर्षाको पानी तीव्र गतिमा बगेर जान्छ, त्यहाँ सम्भाव्यता अध्ययन गरेर पानी रोक्ने संरचना (ढुङ्गे ड्यामहरू) बनाउन सकिन्छ । चरन क्षेत्र, पाटन, वनक्षेत्र र बस्ती आसपासमा आवश्यकताअनुसार पोखरी तथा कुण्ड निर्माण गर्न सकिन्छ । यसले पानीको उपलब्धता बढाउनुका साथै स्थानीय वनस्पति, पशुपालन र समग्र जैविक विविधता तथा 'इकोसिस्टम' को विकास एवम् संरक्षणमा पनि योगदान पुऱ्याउँछ ।

**अब 'पोखरी दशक' को सङ्कल्प**

माथिको छलफल र दृष्टान्तका आधारमा नेपालमा अबको दशकलाई 'पोखरी दशक' का रूपमा अघि बढाउने हो कि भन्ने विषयमा गम्भीर बहस गर्नुपर्ने बेला आएको महसुस भएको छ । स्थानीय अनुकूलन कार्यक्रम, जलवायुमैत्री विकास तथा जलवायुजन्य विपद्बाट मुक्ति पाउने अभियानलाई जलसञ्चयसँग जोड्नु अपरिहार्य छ । पहाड र हिमाली क्षेत्रमा मात्र होइन, चुरे, भावर र मधेस-तराई क्षेत्रमा पनि ताल, पोखरी, कुण्ड तथा सिमसार निर्माण र संरक्षणको अभियान चलाउन आवश्यक छ । तराईका ट्युबवेल र इनारमा पानीको सतह घटेको, कतिपय ठाउँमा सुक्दै गएका समाचार हामी नियमित सुन्दै र पढ्दै आएका छौँ । यसको दीर्घकालीन समाधानमध्ये भूमिगत पानीको पुनर्भरण र वर्षाको पानी संरक्षण अत्यन्त महत्त्वपूर्ण र व्यावहारिक उपाय हो ।

सरकारी कार्यक्रमलाई पनि यही दिशामा पुनःसंरचना गर्न सकिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत झारपात उखेलेर, सडक बढारेर वा क्षणिक प्रकृतिका काममा मात्र श्रम खर्च गर्नुभन्दा पछिल्ला पुस्तासमेत लाभान्वित हुने जलसञ्चयका संरचना निर्माणमा जनशक्ति परिचालन गर्नु बढी समसामयिक र दूरदर्शी हुनसक्छ । पोखरी खन्ने, पुराना पोखरी पुनर्जीवन गर्ने, जलाधार संरक्षण गर्ने, सिमसार क्षेत्र विस्तार गर्ने र पानीका मुहान संरक्षण गर्ने कामलाई रोजगार तथा विकास कार्यक्रमसँग जोड्नसक्ने प्रशस्त सम्भावना छ ।

यस अभियानमा पालिका र प्रदेशबिच स्वस्थ प्रतिस्पर्धासमेत गराउन सकिन्छ । कुन पालिकाले आफ्नो भूगोलअनुसार बढी प्रभावकारी पोखरी निर्माण गऱ्यो ? कहाँ सुकिसकेको मुहान पुनर्जीवित भयो ? कुन पालिकाले बढी क्षेत्रफलमा सिमसार संरक्षण गऱ्यो ? कुन प्रदेशले पानी संरक्षणबाट कृषि, वन र जैविक विविधतामा उल्लेखनीय सुधार ल्यायो ? यस्ता सूचकका आधारमा उत्कृष्ट पालिका र प्रदेशलाई प्रोत्साहन गर्ने व्यवस्था गर्न सकिन्छ ।

विश्व अनुभवले भन्छ, स्रोत व्यवस्थापनको पहिलो आधार नै पानी व्यवस्थापन हो । पानी प्राप्ति र पानीको संरक्षणविना विकासका अन्य धेरै प्रयास अधुरा हुन्छन्, असम्भव हुन्छन् । हाम्रो इतिहाससमेत पानीसँग जोडिएको छ । पानीकै खोजीमा हाम्रा बाजे-बराजु कोही पूर्वबाट पश्चिमतर्फ, कोही पश्चिमबाट पूर्वतर्फ, कोही उत्तरबाट दक्षिणतर्फ सरे । पानी, उर्वर भूमि र जीवनको सम्भावना खोज्दै भएका त्यस्ता बसाइँसराइले नै आज हामीलाई विभिन्न भूगोल, संस्कृति र विविध पहिचानले चिनाएको यथार्थ कसैले नकार्न सक्दैन ।

# कृषितर्फ आकर्षित हुँदै भोजपुरका किसान

● युवराज विष्ट

भोजपुर । जिल्लामा सञ्चालन भएका विभिन्न अनुदान तथा प्राविधिक सहयोगका कार्यक्रमले किसानलाई व्यावसायिक कृषितर्फ आकर्षित गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् । कृषि उत्पादनका लागि आवश्यक सिँचाइ पूर्वाधार, उन्नत बिरुवा, कृषि यान्त्रीकरण, प्रशोधन तथा बजारीकरणमा सहयोग उपलब्ध हुन थालेपछि जिल्लाका किसान परम्परागत निर्वाहमुखी खेतीबाट व्यावसायिक उत्पादनतर्फउन्मुख हुन थालेका हुन् ।

कृषि क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण आधारका रूपमा विकास गर्ने उद्देश्यले सञ्चालन गरिएका कार्यक्रमबाट सुन्तला, अलैँची, तरकारी, खुर्सानीलगायत नगदे तथा व्यावसायिक बालीको क्षेत्र विस्तार हुन थालेको छ । अनुदानसँगै प्राविधिक परामर्श र आवश्यक कृषि सामग्री उपलब्ध हुँदा किसानलाई नयाँ प्रविधि प्रयोग गरेर उत्पादन बढाउन थप हौसला मिलेको छ ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ सङ्खुवासभा अन्तर्गतको जोन प्राविधिक एकाइ भोजपुरले जिल्लामा अलैँची 'सुपर जोन' सञ्चालन गर्दै आएको छ । जिल्लाका नौ स्थानीय तहमध्ये सात स्थानीय तहका ३५ वडा यस कार्यक्रममा समेटिएका छन् । यसैगरी सुन्तलाखेती प्रवर्द्धनका लागि पाँच स्थानीय तहका २६ वडालाई समेटेर 'सुन्तला जोन' स्थापना गरिएको छ ।

जोन प्राविधिक एकाइ भोजपुरका प्रमुख कौसिला विष्टका अनुसार कार्यक्रमअन्तर्गत किसानलाई अनुदानसँगै खेती प्रविधि, रोग तथा कीरा नियन्त्रण, बगैँचा व्यवस्थापन, सिँचाइ, कृषि यान्त्रीकरण तथा उत्पादनको बजारीकरणलगायत विषयमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइँदै आएको छ ।

गत आर्थिक वर्ष २०८२/८३ मा मात्र विभिन्न शीर्षकमा १०९ जना किसानले अनुदान सहयोग प्राप्त गरेका छन् । प्रमुख विष्टले भन्नुभयो, "अनुदानसँगै किसानलाई आवश्यक प्राविधिक ज्ञान र प्रविधि उपलब्ध गराउँदा उत्पादनमा वृद्धि हुनुका साथै व्यावसायिक खेती गर्ने किसानको सङ्ख्या बढ्दै गएको छ ।"

कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रमले पनि जिल्लामा व्यावसायिक कृषिको आधार विस्तार गर्न सहयोग पुऱ्याएको छ । यस कार्यक्रमअन्तर्गत भोजपुर नगरपालिका-५ की सङ्गीता श्रेष्ठले १०० रोपनी क्षेत्रमा व्यावसायिक तरकारी तथा खुर्सानीखेती गर्दै आउनुभएको छ । उहाँको कृषि उद्यमका लागि कार्यालयले रु. चार लाख अनुदान उपलब्ध गराएको थियो भने ५० प्रतिशत लागत साझेदारी किसान आफैँले गर्नुभएको छ । कृषिमा लगानी गर्न आवश्यक पुँजीको अभाव रहेका किसानका लागि लागत साझेदारीमा प्राप्त हुने अनुदानले व्यवसाय विस्तार गर्न सहज भएको उहाँको भनाइ छ ।

तरकारी तथा खुर्सानी खेतीबाट नियमित आम्दानी लिन सकिने भएपछि अन्य किसान पनि व्यावसायिक उत्पादनतर्फ आकर्षित हुन थालेको उहाँ बताउनुहुन्छ ।

सोही कार्यक्रममार्फत जिल्लाका अन्य पाँच वटा कृषि फर्मलाई रु. चार/चार लाखका दरले अनुदान सहयोग उपलब्ध गराइएको कार्यालयले जनाएको छ । यसबाट कृषि व्यवसाय सञ्चालन गरिरहेका किसानले उत्पादनका लागि आवश्यक संरचना निर्माण, सिँचाइ, कृषि सामग्री तथा अन्य पूर्वाधार विकासमा लगानी गर्न पाएका छन् ।

भोजपुर नगरपालिका-३ गुप्तेश्वरका किसान हरिप्रसाद प्रधान पनि अनुदानबाट लाभ लिने किसानमध्ये हुनुहुन्छ । उहाँले कार्यालयबाट प्राप्त सहयोगले व्यावसायिक कृषि विस्तार गर्न थप प्रेरणा मिलेको बताउनुभयो ।

गत आवमा अनुदान सहयोगमा पक्की सिँचाइ पोखरी निर्माण गर्नुका साथै करिब २० रोपनी क्षेत्रफलमा ५०० सुन्तलाका बिरुवा खेती विस्तार गर्नुभएको छ ।

उहाँले भन्नुभयो, "राज्यको अनुदानका कार्यक्रमले हामीजस्ता किसानलाई राहत मिलेको छ । सिँचाइको व्यवस्था भएपछि बगैँचा विस्तार गर्न सहज भएको छ । पहिले पानीको अभावमा खेती विस्तार गर्न समस्या थियो । अहिले संरचना बनेपछि उत्पादन बढाउने लक्ष्यसहित काम गरिरहेको छु ।"

भोजपुर नगरपालिकाका प्रमुख कैलाशकुमार आलेले राज्यका तहबाट सञ्चालन भइरहेका अनुदानका कार्यक्रमले किसानलाई व्यावसायिक बन्न सहयोग पुगेको बताउनुभयो । प्रमुख आलेले भन्नुभयो, "अनुदानमा सञ्चालन भएका कार्यक्रमले किसानलाई व्यावसायिक कृषि उत्पादनमा लाग्न टेवा पुगेको छ । किसानले अनुदानको सदुपयोग गरेर उत्पादन र आम्दानी बढाउनेतर्फ ध्यान दिन आवश्यक छ ।"

सिँचाइ पूर्वाधार निर्माण तथा मर्मतसम्भार कार्यक्रमले पनि किसानलाई व्यावसायिक उत्पादनमा लाग्न सहयोग गरेको छ । कार्यालयका अनुसार गत आवमा यस कार्यक्रममार्फत ५४ जना किसानलाई अनुदान सहयोग उपलब्ध गराइएको छ । सिँचाइ सुविधा विस्तार भएपछि वर्षामा मात्र निर्भर हुनुपर्ने अवस्थाको अन्त्य हुँदै गएको छ ।

कृषि उत्पादनमा सिँचाइको महत्त्वपूर्ण भूमिका हुने भएकाले पोखरी, पाइपलाइनलगायत संरचना निर्माणमा दिइएको सहयोगले किसानलाई बाली विविधीकरण गर्नसमेत सहज बनाएको कार्यालयको भनाइ छ । सिँचाइ सुविधा पुगेका क्षेत्रमा एउटै बालीमा मात्र निर्भर नरही तरकारी, सुन्तला, खुर्सानी तथा अन्य नगदेबाली लगाउनेक्रम बढेको छ । अलैँची उत्पादनलाई गुणस्तरीय र व्यावसायिक बनाउन सुधारिएको आधुनिक अलैँची भट्टी निर्माण तथा जडान कार्यक्रमसमेत सञ्चालन गरिएको छ ।

यस कार्यक्रमअन्तर्गत गत आवमा ३० वटा आधुनिक अलैँची भट्टी वितरण गरिएको कार्यालयले जनाएको छ । परम्परागत भट्टीको तुलनामा आधुनिक प्रविधिको प्रयोगबाट अलैँची सुकाउँदा गुणस्तर कायम गर्न तथा उत्पादनको मूल्य बढाउन सहयोग पुग्ने किसानको भनाइ छ ।

सुन्तला बाली क्षेत्र विस्तार कार्यक्रमअन्तर्गत ११ वटा कृषि फर्मले अनुदान प्राप्त गरेका छन् । यस कार्यक्रमबाट सिँचाइ पोखरी निर्माण, सुन्तलाका बिरुवा, पाइप वितरण तथा कृषि यान्त्रीकरणमा सहयोग गरिएको छ । सुन्तलाखेतीमा नयाँ क्षेत्र विस्तार गर्नुका साथै पुराना बगैँचाको व्यवस्थापनमा किसानलाई प्रोत्साहन गरिएको कार्यालयले जनाएको छ ।

भोजपुरको मध्यपहाडी क्षेत्रमा सुन्तलाखेतीको राम्रो सम्भावना रहेकाले बगैँचा विस्तारसँगै गुणस्तरीय बिरुवा उत्पादन र रोग नियन्त्रणमा ध्यान दिनुपर्ने आवश्यकता रहेको कृषि प्राविधिकको भनाइ छ ।

कार्यालयले सुन्तला नर्सरी सुदृढीकरण, अलैँची नर्सरी स्रोत केन्द्र स्थापना, नमुना सुन्तला बगैँचा विकास, अलैँची बालीको छहारी व्यवस्थापन, कृषि यान्त्रीकरण तथा खाद्यतत्व सहयोगका कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

कृषिजन्य तथा रैथाने बालीको प्रशोधन, लेबलिङ तथा बजारीकरण सहयोग कार्यक्रमले पनि स्थानीय उत्पादनलाई बजारसँग जोड्ने प्रयास गरेको छ । रामप्रसादराई गाउँपालिका-६ मा रैथाने बालीअन्तर्गत कोदोको बिस्कुट उत्पादन सुरु गरिएको छ । स्थानीयस्तरमा उत्पादन हुने कोदोलाई प्रशोधन गरेर नयाँ परिकारका रूपमा बजारमा लैजान सकिने सम्भावना यसबाट देखिएको छ । कोदो, फापर, मकै, कागुनोलगायत रैथाने बालीलाई आधुनिक प्रविधिबाट प्रशोधन गरी प्याकेजिङ तथा ब्रान्डिङ गर्नसके स्थानीय उत्पादनले जिल्लाभन्दा बाहिरसमेत बजार पाउनसक्ने सम्भावना रहेको छ ।

चक्लाबन्दीमा आधारित खेती कार्यक्रमले पनि भोजपुरमा व्यावसायिक कृषि विस्तारको आधार तयार गरिरहेको छ । कार्यालयका अनुसार गत आवमै यस कार्यक्रममार्फत १०२ रोपनी क्षेत्रफलमा अलैँचीखेती विस्तार गरिएको छ ।

उक्त क्षेत्रमा ५५ हजार अलैँचीका बिरुवा रोपण गरिएको छ । छरिएर रहेको जमिनलाई एकीकृत गरी व्यावसायिक उत्पादन गर्नसके कृषि लागत घटाउनुका साथै यान्त्रीकरणमा सहजता हुने भएकाले चक्लाबन्दी कार्यक्रमलाई प्राथमिकतामा राखिएको कार्यालयले जनाएको छ ।

सानासाना टुक्रामा खेती गर्दा श्रम तथा उत्पादन लागत बढी पर्ने अवस्थामा चक्लाबन्दीले उत्पादन प्रणालीलाई व्यवस्थित बनाउन सहयोग पुग्ने देखिएको छ ।

कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रमअन्तर्गत सञ्चालित योजनाले युवालाई कृषि व्यवसायमा जोडिन सहयोग पुगेको छ ।

रोजगारीका लागि वैदेशिक मुलुक तथा सहरतर्फ जाने प्रवृत्तिबिच स्थानीयस्तरमै कृषि उद्यम सञ्चालन गरी आम्दानी गर्न सकिने वातावरण निर्माण गर्न यस्ता कार्यक्रम उपयोगी हुने देखिएको छ । कृषिमा आधुनिक प्रविधिको प्रयोग बढेसँगै उत्पादन लागत घटाउने, श्रम अभाव पूर्ति गर्ने र उत्पादकत्व बढाउने सम्भावना पनि बढेको छ ।

कृषि यान्त्रीकरणका लागि उपलब्ध गराइने सहयोगले किसानलाई परम्परागत उपकरणको विकल्पमा आधुनिक उपकरण प्रयोग गर्न प्रोत्साहित गरेको छ । यसबाट खेती गर्न लाग्ने समय र श्रम घट्नुका साथै उत्पादनमा सुधार आउने कार्यालयको भनाइ छ ।

जिल्ला समन्वय समिति भोजपुरका उपप्रमुख अनिशा खड्काले राज्यका विभिन्न निकायबाट प्राप्त अनुदान तथा प्राविधिक सहयोगले किसानलाई व्यावसायिक बन्न टेवा पुगेको बताउनुभयो । कृषि क्षेत्रमा लगानी बढेसँगै किसानको आयआर्जन तथा जीविकोपार्जनमा महत्त्वपूर्ण सहयोग पुगेको उहाँको भनाइ छ ।

कृषि क्षेत्रमा दिइने अनुदानले तत्कालीन रूपमा उत्पादन सामग्री तथा पूर्वाधार निर्माणमा सहयोग पुऱ्याए पनि यसको दीर्घकालीन प्रभावका लागि बजार सुनिश्चितता, उत्पादनको उचित मूल्य, भण्डारण, प्रशोधन तथा बजारीकरणमा ध्यान दिनुपर्ने देखिएको छ ।

विशेषगरी सुन्तला र अलैँचीजस्ता नगदेबालीमा मूल्यमा हुने उतारचढाव किसानका लागि चुनौती बन्ने गरेको छ । उत्पादन लागत, ढुवानी खर्च र बजार मूल्यबिच सन्तुलन कायम गर्न नसक्दा किसानले अपेक्षित आम्दानी लिन नसक्ने अवस्था आउन सक्छ । त्यसैले उत्पादनसँगै भण्डारण, प्रशोधन र बजार व्यवस्थापनमा सरकारी तथा निजी क्षेत्रको सहकार्य आवश्यक रहेको छ ।

कृषिउपजको सङ्कलन तथा बिक्री केन्द्र स्थापना, चिस्यान केन्द्र, प्रशोधन उद्योग र स्थानीय ब्रान्ड विकास गर्नसके भोजपुरका किसानले उत्पादनको उचित मूल्य पाउनसक्ने सम्भावना छ । स्थानीय तह, कृषि कार्यालय, सहकारी तथा किसान समूहबिच समन्वय गरी सामूहिक उत्पादन र बजारीकरणलाई प्रोत्साहन गर्नसके कृषि क्षेत्रबाट रोजगारी र आम्दानीका थप अवसर सिर्जना गर्न सकिने यस क्षेत्रको विज्ञहरूको भनाइ छ ।

कृषिमा बढ्दो सरकारी तथा संस्थागत लगानी, किसानको बढ्दो रुचि र स्थानीयस्तरमा उपलब्ध कृषि सम्भावनालाई एकीकृत रूपमा अघि बढाउनसके जिल्लाको अर्थतन्त्रको बलियो आधार बन्नसक्ने देखिन्छ । अनुदानमुखी कार्यक्रमलाई उत्पादनमुखी र परिणाममुखी बनाउन नियमित अनुगमन तथा मूल्याङ्कन आवश्यक रहेको स्थानीय जानकारहरूको धाराणा रहेको छ ।

भोजपुरमा सुन्तला, अलैँची, तरकारी, खुर्सानीलगायत बालीको व्यावसायिक सम्भावना रहेकाले उत्पादनको क्षेत्र विस्तारसँगै गुणस्तरमा ध्यान दिनुपर्ने आवश्यकता छ । रोग तथा कीरा नियन्त्रण, माटो परीक्षण, गुणस्तरीय बिरुवा उत्पादन, जैविक तथा सन्तुलित मलको प्रयोग, आधुनिक सिँचाइ प्रणाली र कृषि यान्त्रीकरणलाई थप विस्तार गर्नसके उत्पादन र उत्पादकत्व बढाउन सकिने कृषि प्राविधिकहरूले बताउने गरेका छन् । ***रासस***

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

**गुन्हिपुन्हि सापारु प्रदक्षिणा मार्गमा रहेका विद्युतीय तथा केबुल तारहरु व्यवस्थापन गर्नेसम्बन्धी सूचना**

गुन्हीपुन्ही सापारू (गाईजात्रा) प्रदक्षिणा मार्गमा तार केबुल व्यवस्थापन गर्ने सम्बन्धमा २०८३/०५/०४ गते सरोकारवाला कार्यालय र संस्थाको प्रतिनिधिहरूबीच बसेको बैठकको निर्णयअनुसार प्रदक्षिणा मार्गमा रहेको जात्रालाई समस्या हुने तार केबुलहरू आ-आफ्नो कार्यालय र संस्थाहरूले आफै २०८३/०५/०८ गतेभित्र हटाई व्यवस्था गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । नहटाएमा नगरपालिका आफैले हटाउनेसमेत सूचित गरिन्छ ।

**मानव बेचबिखन नियन्त्रण गरौं**

मानव बेचबिखन भन्नाले:

- ❖ मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- ❖ मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
- ❖ कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- ❖ प्रचलित कानुन विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- ❖ वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य हुन्।

तसर्थ:

- ❖ मानव बेचबिखनजन्य कार्य गर्ने/गराउनेलाई कानुनबमोजिम कारबाही हुन्छ,
- ❖ मानव बेचबिखन गरे/गराएको जानकारी पाएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ९२

सङ्कलित सीसीटीभी, अडियो-भिडियो, सञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशित सामग्रीहरूको परीक्षण विश्लेषण तथा निष्कर्ष :

**भदौ २३ को घटनाक्रम**

विद्यार्थीहरू पोशाकमा राष्ट्रिय झन्डा र प्लेकार्डसहित माइतीघर आसपास जम्मा भई भ्रष्टाचारविरुद्ध नारा जुलुस गरेको ।

**माइतीघर मण्डलादेखि बिजुलीबजार पुलसम्म**

CCTV : Bijuli bazar PTZ, YouTube Channel : EON YouTube Channel

मण्डलाको दक्षिणी सडक लेनमा प्रदर्शनकारी रहेको र अन्य लेनमा सामान्य अवस्थामा सवारी साधन चलिरहेको देखिन्छ । १०:२७ देखि केही प्रदर्शनकारी बिजुलीबजारतर्फ लाग्दै गरेको देखिन्छ । EON YouTube Channel को अनुमार १०५२ मा नेपाल टेलिकमको कार्यालय नजिक पोलमा रहेको तत्कालीन प्रम केपी ओलीको तस्बिर आक्रोशित प्रदर्शनकारीले च्यातेको घटना Bijuli bazar PTZ CCTV मा १०:५२ देखिएको छ ।

**बिजुलीबजारदेखि बानेश्वरस्थित कृष्ण टावर (नेपाल प्रहरीको ब्यारिकेडसम्म)**

CCTV : Bijuli Bazar PTZ, Everest Hotel PTZ

बिजुली बजार पुल हुँदै प्रदर्शनकारीको पहिलो समूह निषेधित क्षेत्रको ब्यारिकेडतर्फ बढ्दै गरेको र ११:०० बजे सुरक्षाकर्मीसँग आमनेसामने भएको देखिन्छ ।

**एभरेस्ट होटलदेखि नयाँ बानेश्वर चोकसम्म**

CCTV : Everest Hotel PTZ

एभरेस्ट हस्पिटल तर्फबाट प्रहरीको ब्यारिकेडको पछाडितर्फ पुगेको केही प्रदर्शनकारीलाई सशस्त्र प्रहरीको टोलीले हटाएको । ११:४७ बजे पुन: सोही दिशाबाट धेरै सङ्ख्यामा आएका प्रदर्शनीकारीहरूले प्रहरीको ब्यारिकेड तोड्न गएको । अर्को समूह नयाँ बानेश्वर चोकतर्फ बढेको । प्रदर्शनकारीहरूले ब्यारिकेड तोडेर चोकतर्फ बढेको ।

**नयाँ बानेश्वर**

CCTV : Everest Hotel PTZ

बाइकसहितका प्रदर्शनकारीहरू नयाँ बानेश्वर चोकतर्फ बढेको, प्रहरीले भीड रोक्ने प्रयास गरेको, एउटा सानो समूह नयाँ बानेश्वर चोकमा पुगेको, चोकमा सार्वजनिक तथा निजी सवारी साधन सुचारु रहेको, भीडलाई तितरवितर पार्न प्रहरीले वाटर क्याननको प्रयोग गरेको, भीडले प्रहरीमाथि ढुङ्गा प्रहार गरेपछि भीड नियन्त्रण गर्न बाटर क्यानन, अश्रुग्याँस प्रयोग गर्दै प्रहरी बानेश्वर चोकतर्फ पछि हट्दै गरेको र भीडको मुख्य जमात संसद् भवनतर्फ अघि बढ्दै गरेको ।

**बानेश्वर चोक संसद् भवन गेट**

CCTV : Baneshwor Chowk

प्रहरी अश्रुग्याँस प्रहार गर्दै संसद् भवनतर्फ पछि हट्दै गर्दा प्रदर्शनकारी Youth Against Corruption लेखिएको ब्यानरसहित संसद् भवनतर्फ बढ्दै गरेको ।

**संसद् भवन दक्षिण गेट**

CCTV : Civil Hospital PTZ, Online–khabar news

संसद् भवनको मेन (दक्षिण) गेटमा रहेको क्यामेराअनुसार ११:४६ बजे बाइकमा सवार पहिलो समूह संसद् भवन गेटअगाडि पुगेको देखिन्छ । onlinekhabar.com ले २० जना जतिको समूह ११:४९ मा पुगेको उल्लेख गरेको छ ।

**नयाँ बानेश्वर चोक -सिभल हस्पिटल गेटसम्म**

CCTV : BICC PTZ, Civil Hospital PTZ

सुरुमा दुईजना प्रदर्शनकारी दक्षिण गेटमाथि चढेको देखिन्छ भने सिभिल हस्पिटल नजिक रहेको सीसीटीभीमा १२:०५ बजे पर्खाल चढेर दक्षिण गेटमाथि चढेको देखिन्छ । नयाँ बानेश्वर चोकबाट ठुलो सङ्ख्यामा आएको भीड संसद् भवन दक्षिणगेट नजिक जम्मा भएपछि सडकपेटीमा रहेको रेलिङ तोडेर त्यही रेलिङको सहारामा प्रदर्शनकारी गेटमाथि चढेको देखिन्छ ।

**संसद् भवनको दक्षिण गेट**

CCTV : Civil Hospital PTZ, Online.Khabar news. YouTube Channel : EON

ठुलो मात्रामा प्रदर्शनकारी बीआईसीसी मेन (दक्षिण) गेटअगाडि जम्मा भएपछि बीआई सीसी गेटमाथि रहेका प्रदर्शनकारीलाई लक्षित गरी अश्रुग्याँस प्रहार गर्दा प्रदर्शनकारीहरूले सोही अश्रुग्याँस शेल प्रहरीतर्फ नै प्रहार गरेको घटना Civil Hospital PTZ मा १२:१० मा देखिएको छ ।

**सिभिल अस्पतालको आकस्मिक कक्ष**

CCTV : Civil Hospital Emergency

आँखाको तल्लो भागमा चोट लागेको विद्यार्थी पोशाकमा रहेको पहिलो घाइते आकस्मिक कक्षमा प्रवेश, १२:१७ देखि घाइतेहरू उपचारार्थ आउने सङ्ख्यामा वृद्धि, १२:४१ मा शरीरको विभिन्न अङ्गहरूबाट रगत आएको देखिने घाइते प्रदर्शनकारीहरू आकस्मिक कक्षमा आउने क्रम सुरु भएको ।

**संसद् भवनको दक्षिण गेट सिभिल अस्पताल**

CCTV : BICC PTZ, Nepal Commerce Campus, Online khabar

जिल्ला प्रशासन कार्यालय, काठमाडौंले १२:३० देखि लागू हुने गरी कर्फ्यु आदेश जारी गरेको, बाइक सवारको आगमन, एकजना मेन गेटतर्फबाट १२:३३ मा पेट समात्दै आएको (सम्भावित गोलीप्रहारबाट) र सिभिल अस्पतालको इमर्जेन्सीको क्यामेराबाट १२:५४ मा पेटबाट रगत बगिरहेको अवस्थामा उपचारार्थ आएको देखिन्छ । संसद् भवन गेट नजिक आगजनी, अनलाइन खबरअनुसार १२:३७ बजे गोली प्रहार भएको । Nepal commerce Campus को सीसीटीभीअनुसार १२:४१ मा दुई वटा एम्बुलेन्स सिभिल अस्पतालतर्फ गएको ।

**संसद् भवन दक्षिण गेट वरिपरि**

CCTV : BICC PTZ. YouTube Channel : GCSVLOGS

प्रहरीद्वारा मेनगेट वरपर जम्मा भएका प्रदर्शनकारी लक्षित गरी अश्रुग्याँस प्रहार, संसद् भवन परिसरको गेट भित्रबाट पानीको फोहोरा प्रहार, गोलीप्रहारबाट घाइतेलाई उद्धार, १२:५५ पछि गोली प्रहारबाट घाइते प्रदर्शनकारीको सङ्ख्यामा व्यापक वृद्धि, प्रदर्शनकारीद्वारा प्रहरी लक्षित मोलोटोव प्रहार, प्रहरीद्वारा मेनगेट अगाडि प्रदर्शनकारीलाई गोली प्रहार गरेको घटना YouTube Channel GCSVLOGS ले राखेको भिडियोबाट प्रस्ट देखिन्छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंले राष्ट्रपतिको कार्यालय शीतलनिवास, उपराष्ट्रपतिको कार्यालय लैनचौर, नारायणहिटी दरबार सङ्ग्रहालय र सिंहदरबार क्षेत्र कर्फ्यु लाग्ने क्षेत्र विस्तार गरेको ।

**संसद् भवन दक्षिण गेट वरिपरि**

CCTV : BICC PTZ Baneshwor Chowk

संसद् भवनको पश्चिम गेटमा प्रदर्शनकारीहरूले सुरक्षाकर्मीलाई लक्षित गरी ढुङ्गामुढा र गेटसमेत तोडफोड गर्ने प्रयास गरेको । प्रहरीले प्रदर्शनकारी माथि अश्रुग्याँस प्रहार गरेको । प्रदर्शनकारीहरूले पर्खाल चढेर रेलिङ भाँच्न सुरु गरेको, बानेश्वर चोकमा राखिएको ट्राफिक सङ्केत रहेको फलामे पोलको प्रयोग गरी बीआईसीसी बानेश्वरचोक पश्चिमतर्फको हाइप्वाईन्टतर्फको पर्खाल फुटाउन सुरु गरेको । केही प्रदर्शनकारी संसद् परिसरमा प्रवेश गरेको, संसद् भवन परिसरमा रहेका प्रहरी लक्षित गर्दै ढुङ्गा प्रहार गर्दै गर्दा एक प्रदर्शनकारीलाई गोली लागी हातले बोकेर लगिएको र १३:३३ बजेतिर गोली लागेका घाइतेलाई ह्विलचेयरमा राखेर उद्धार गरेको देखिन्छ ।

---

*भक्तपुर...*

भएसम्म आम जनताले चाहेको जस्तो शासन व्यवस्था नहुने भएकोले समाजवादी व्यवस्थाको विकल्प नभएको बताउनुभयो ।

पार्टीले देश र जनताको पक्षमा सडकदेखि सदनसम्म आवाज बुलन्द गर्दै आइरहेको उल्लेख गर्दै उहाँले सङ्घर्षलाई सिथिल पार्न कम्युनिस्ट भनाउँदाहरूको जनविरोधी क्रियाकलाप तथा पुँजीवादी रसास्वादन गर्न पल्केका पार्टीलाई जनतामाझ उदाङ्ग्याउनुपर्ने बताउनुभयो ।

नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले २०४५ सालको प्रतिशोधपूर्ण षड्यन्त्रको निन्दा गर्दै समाजमा अराजकता निम्त्याउन खोज्नेको गतिविधिको विरोध गर्नुपर्ने बताउनुभयो ।

उहाँले सचेत र सङ्गठित भएर अघि नबढ्दा शत्रुले आफू र आफ्नो सङ्गठनलाई तिलाञ्जली दिन लगाउन अनेकन जालझेल गर्ने भएकोले त्यसतर्फ सचेत हुनुपर्ने बताउनुभयो ।


उक्त कार्यक्रममा श्रीकृष्ण थापाले पनि बोल्नुभएको थियो ।

**सिद्धि गणेश कर्नर** हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

**२०८३ साउन मसान्तसम्मको वित्तीय विवरण (अपरिष्कृत)**

| | |
|---|---|
| शेयर पुँजी | २६,४९,६१,३००।- |
| जगेडा कोष | ३०,४५,३०,४८७।- |
| अन्य कोष | ५,५५,५४,०९२।- |
| कुल संस्थागत पुँजी | ३०,४५,३०,४८७।- |
| कुल बचत रकम | २,६९,४२,५३,९४१।- |
| ऋण लगानी | १,९१,३२,४१,९९७।- |
| कुल सम्पत्ति | ३,४०,९९,२०,८५३।- |
| तरलता (प्राधिकरणको मापदण्डबमोजिम) | ६९,१७,९३,४३४।- |
| तरलता रकम | १,३४,६८,३०,७३७।- |
| शेयर सदस्य सङ्ख्या | १७४७४ |
| ऋणी सदस्य सङ्ख्या | १४२१ |
| तरलता (प्राधिकरणको मापदण्डबमोजिम) | २५.६८% |
| तरलता प्रतिशत | ४९.९९% |

संस्थाको ऋण सुविधा उपयोग गरौं




'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

**हार्दिक समवेदना**



झि पासा बचत कोषका सदस्य कृष्णप्रसाद सुवालकी ममतामयी माता **नानीमैया सुवाल**को दु:खद निधन भएको आज बाह्रौं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

जन्म : २००८/०६/१५
निधन: २०८३/०४/२५

**झि पासा बचत कोष**
भक्तपुर

**हार्दिक समवेदना**

जन्म
२००८/०६/१५



स्वर्गारोहण
२०८३/०४/२५

हाम्रा हितैषी मित्र कृष्णप्रसाद सुवालकी ममतामयी माता **नानीमैयाँ सुवाल**को असामयिक निधन भएको आज बाह्रौं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**साथीहरू**

बिनोद बाटी रमेश बासुकला राकेश कोजु

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा